# खनियाबास गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दार्खा, धादिङ
बागमती प्रदेश, नेपाल



यस खनियाबास गाउँपालिकाको आ.व.२०८०/०८१ को वार्षिक योजना, कार्यक्रम तथा बजेट सहितको रातो किताब प्रकाशन गर्न पाउँदा गौरवान्वित भएको छ।

स्थानीय सरकारले बनाउने वार्षिक नीति तथा कार्यक्रम र बजेटले समग्र गाउँबासीहरूको इच्छा, चाहना र आवस्यकताहरूलाइ सम्बोधन गर्दै आम गाउँबासीहरूले महसुस गर्नसक्ने चुस्त सेवा प्रबाहका साथ नविन र रूपान्तरणकारी योजना तथा कार्यक्रम संचालन गर्नु आजको आवस्यकता रहेको र सोहि बमोजिम गाउँपालिकाको समग्र विकासको लागि पुर्वाधार निर्माणका साथसाथै शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, पर्यटन, उद्यमशीलता विकास लगायतका क्षेत्रलाइ समेत उच्च प्राथमिकतामा राखि गाउँपालिकाले लिएको नीति अनुरुप बजेटको तर्जुमा गर्ने कार्यलाइ निरन्तरता दिने प्रयत्न गरेको छु। जसले गाउँबासीहको अधिकतम इच्छा, चाहना र आवस्यकताहरू सम्बोधन गर्नेछ भन्ने पनि बिश्वास लिएको छु।

गत आर्थिक वर्षमा बिनियोजन भएको बजेटको अधिकतम कार्यान्वयनले यस आर्थिक वर्षको बजेट तथा कार्यक्रम सहितको रातो किताव प्रकासनमा थप उर्जा मिलेको छ। गत आर्थिक वर्षमा सम्पूर्ण आयोजना तथा कार्यक्रमको बिस्तृत कार्यान्वयन योजना (DIP) बनाई कार्यन्वयन गर्नाले तोकिएको समयमा अधिकांस आयोजना तथा कार्यक्रमहरु सम्पन्न भएको साथै बिनियोजित बजेटको अधिकतम कार्यान्वयन र सुशासन तथा संस्थागत बिकासको क्षेत्रमा समेत गाउँपालिकाले मापन योग्य प्रगती गरेको कुरा अवगत गराउदै उक्त कार्यले यस वर्ष पनि निरन्तरता पाउनेछ भन्ने बिश्वास दिलाउन चाहन्छु।

बिगतमा जस्तै गाउँपालिकाबाट बिनियोजित बजेटको अधिकतम कार्यान्वयन गर्दै उत्कृष्ट नतिजा हासिल गर्ने र गाउँपालिकालाई धादिङ जिल्ला र समग्र देशकै उत्कृष्ट गाउँपालिकाको रुपमा स्थापित गर्ने दृढ संकल्पका साथ गाउँपालिकाको सेवा प्रबाहलाइ चुस्त एवं पारदर्शी बनाउन र शुशासन प्रबर्धन गर्न प्रतिबद्द रहेको कुरा अबगत गराउदछु । साथै आयोजना कार्यान्वयनमा सहयोग तथा सहकार्य गर्नुहुन निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू लगायत सम्पुर्ण सरोकारवालाहरूलाई हार्दिक अपिल गर्दै जनसहभागिताको समेत अपेक्षा गर्दछु, धन्यबाद।

**रण बहादुर तामाङ**
**अध्यक्ष**

# खनियाबास गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## दार्खा, धादिङ
## बागमती प्रदेश, नेपाल



खनियाबास गाउँपालिकाको उपाध्यक्षको हैसियतले सम्मानित दोश्रो गाउँ सभाको तेश्रो अधिबेशनबाट आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम कार्यान्यवनको दस्ताबेज पास गरि बार्षिक आयोजना, कार्यक्रम तथा बजेट पुस्तिका प्रकाशन गर्न लागेकोमा गर्भ महसुस गरेको छु, साथै बार्षिक आयोजना तथा कार्यक्रमहरु बिस्तृत कार्यान्वयन पुस्तिका अनुरुप संचालन होस् भन्ने शुभकामाना ब्यक्त गर्दछु।

जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र बिभिन्न आन्दोलनको जगमा संबिधान सभाबाट जारि नेपालको जनमुखी संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यबस्थाको माध्यमद्वारा शान्ति सुरक्षा, सुशासन, भ्रस्टाचारमा शुन्य सहनशीलता दिगो बिकास र समृद्वीको आकांक्षा पुरा गर्न संघ, प्रदेश र स्थानीय तहको गठन भई स्थानीय तहको दोश्रो निर्बाचनबाट निर्वाचित भई दोश्रो बर्षको कार्य संचालनको दौडानमा छौ। संघ, प्रदेश र स्थानीय तहको बिचमा सहकारीता, समन्वय र सहअस्तित्वबाट "समृद्व नेपाल सुखी नेपाली" को रास्ट्रिय लक्ष्य पुरा गर्नु हामी सबैको साझा दायित्व हो। सोही राष्ट्रिय लक्ष्यलाई आत्मसाथ गर्दै पालिकाले "हामी सबैको चाहना समुन्नत खनियाबासको कामना" भन्ने संकल्प गरेको छ ।

भौगोलिक विकटता, पर्याप्त आन्तरिक श्रोतको कमी र घट्दो राष्ट्रिय बजेट तथा असिमित बिकासका आबश्यकताहरु बिद्यमान छन्। यी यावत कुराहरुलाई मध्यनजर गर्दै आयोजना तथा कार्यक्रमहरु छनौट गर्दा आबश्यकता, औचित्यता र प्रभाकारिताको आधारमा प्राथमिकरणको सिद्वान्त अबलम्बन गरि छनौट गरेका छौ।

यस आ. व. २०८०/०८१ मा बिषयगत क्षेत्रहरु शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पशुपालन, पूर्वाधार निर्माण, पर्यटन बिकास, गरिबी निवारणका लागि स्वरोजगार कार्यक्रम, आर्थिक बृद्वी, पर्यावरण, पर्यटन क्षेत्रको प्रबर्द्धन, कला संस्कृति र संस्कृतिक सम्पदाहरुको संरक्षण, कृषि तथा पशु उद्यमशीलता बिकास जस्ता विषयहरुलाई बिशेष प्राथमिकताका साथ सम्बोधन गरेका छौ । जनस्तरबाट आएका असिमित मागहरुलाई प्राथमिकीकरणको आधारमा बार्षिक नीति, कार्यक्रम तथा बजेटमा समेट्ने प्रयास गरेका छौ। कृषि क्षेत्रको आधुनिकीकरण र बजारीकरणमा सहज पहुँच पुर्याउन आबश्यक पहल गर्दै गाउँपालिकालाई नमुना गाउँपालिकाको रुपमा रुपान्तरिण गर्न प्रतिबद्व रहेको कुरा समते व्यक्त गर्दछु।

गत आ.व. २०७९/०८० मा गाउँपालिकाको वित्तीय प्रगती ९० प्रतिशतको हाराहारीमा भएको छ। दिगो बिकासको अवधारणा अनुरूप देखिने गरि बिकासका आयोजना तथा कार्यक्रमहरू संचालन भएका छन् । यस अर्थमा खनियाबास गाउँपालिका समृद्वी तर्फ लम्किसकेको छ, गाउँपालिकाको समग्र बिकास र समुन्नतिको लागि निर्बाचित जनप्रतिनिधि, कर्मचारी तथा आम गाउँबासी आमाबुबा,दाजुभाइ तथा दिदीबहिनीहरूमा आ-आफ्नो क्षेत्रबाट सक्रिय सहभागिताको लागि आग्रह गर्दछु, धन्यबाद।

**सेक्केमान तामाङ**
**उपाध्यक्ष**

# खनियाबास गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## दार्खा, धादिङ
## बागमती प्रदेश, नेपाल



प्रमुख प्रशासकीय अधिकृतको हैसियतमा रहि आर्थिक वर्ष २०८०/०८१ मा खनियाबास गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष रूपमा संलग्न रहि रातो किताब प्रकाशन गर्न पाउँदा हर्ष महसुस गरेको छु।

बिगत साँढे २ वर्ष देखि यसै गाउँपालिकामा कार्यरत रही पछिल्लो ७ (सात) महिनादेखि प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी बहन गर्दै गर्दा कयौ समस्या एवं चुनौतिहरूको सामना गर्नु परेको र उक्त चुनौतिहरूको बावजुद पनि छोटो समयमा गाउँपालिकाको समग्र बिकास र सेवा प्रबाहलाइ चुस्त एवं पारदर्शी बनाउने सन्दर्भमा देखिने गरि परिवर्तन गर्न सफल भएकोले पदिय जिम्मेवारीलाइ न्याय गरेको छु भन्ने मेरो ठम्याइ छ।

गत आर्थिक वर्ष २०७९/८० मा गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक बिकास, संस्थागत बिकास र भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा समेत उल्लेख्य प्रगति भएको छ। गाउँपालिकाको बित्तिय प्रगति झन्डै ९० प्रतिशतको हाराहारीमा पुग्नुले पनि सो कुरालाइ दर्साउछ। निर्बाचित जनप्रतिनिधिहरू,सहकर्मी कर्मचारीहरू तथा आम गाउँबासीहरूको उर्जाशील समय र सकारात्मक सहयोगले उक्त बित्तिय प्रगति हासिल गर्दै एक बर्षे कार्यकाल सफलतापुर्बक सम्पन्न बन्न पुगेको हो भन्ने मेरो बुझाइ छ। तसर्थ बिगतमा जस्तै यस आर्थिक वर्षमा पनि सेवा प्रबाहलाइ चुस्त एवं पारदर्शी बनाउन मेरो प्रयास निरन्तर रहने कुरा अवगत गराउदै समृद्ध गाउँपालिका निर्माण गर्न प्रतिबद्ध रहेको कुरा समेत ब्यक्त गर्दछु।

अन्त्यमा, आर्थिक वर्ष २०८०/०८१ मा गाउँपालिकाले लिएको नीति तथा कार्यक्रम र सो अनुरूप बिनियोजित बजेट समेटिएको यस रातो किताव गाउँपालिकाको समग्र आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार बिकासमा कोशेढुंगा सावित हुने बिस्वास लिएको छु। साथै गाउँपालिकाले लिएको नीति तथा कार्यक्रम र विनियोजित बजेट कार्यान्वयनमा बिगतमा जस्तै साथ,सहयोग र सहभागिताको अपेक्षा गर्दै, पूर्ण रूपमा कार्यन्वयन होस् भन्ने शुभकामना व्यक्त गर्दछु, धन्यबाद।

**नवराज श्रेष्ठ**
**नि.प्रमुख प्रशासकिय अधिकृत**

# विषय-सुची


- खण्ड – १
  - ✓ खनियाबास गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको सम्पर्क विवरण
- खण्ड – २
  - ✓ खनियाबास गाउँपालिकाको संक्षिप्त परिचय
- खण्ड – ३
  - ✓ आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम
- खण्ड – ४
  - ✓ बजेट वक्तब्य, २०८०
- खण्ड – ५
  - ✓ खनियाबास गाउँपालिकाको बिनियोजन बिधेयक, २०८०
- खण्ड – ६
  - ✓ आ.व. २०८००८१/ मा  गाउँपालिकाभित्र गैर सरकारी संस्थाहरुबाट संचालन हुने कार्यक्रम तथा बजेटको विवरण
- खण्ड – ७
  - ✓ खनियाबास गाउँपालिकाको आर्थिक बिधेयक, २०८०
- खण्ड – ८
  - ✓ खनियाबास गाउँपालिकाको दोस्रो गाउँसभाको तेस्रो अधिबेसनको निर्णयहरु

# खण्ड – १
# खनियाबास गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको सम्पर्क विवरण

## १.खनियाबास गाउँपालिकाको जनप्रतिनिधिहरुको सम्पर्क विवरण:-

| नाम/थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|
| रणबहादुर तामाङ | गाउँपालिका अध्यक्ष | ९८५१०४०७५६ | |
| सेक्केमान तामाङ | गाउँपालिका उपाध्यक्ष | ९८४१६४३५७३ | |

वडा नं.०१

| नाम/थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|
| सोनाम बहादुर तामाङ | अध्यक्ष | ९८४३७९४१२४ | |
| फ्लिक्च तामाङ्नी | महिला सदस्य | ९८४०१०६६३६ | |
| तेल माया विश्वकर्मा | दलित महिला सदस्य | ९८४३७०७८९८ | |
| मिनलामा तामाङ | सदस्य | ९८४९६३५०४९ | |
| पोड्यालामा तामाङ | सदस्य | ९८६९२४३०७९ | |

वडा नं.०२

| नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|
| अरुण कुमार पाख्रिन | अध्यक्ष | ९७४९७०९०९२ | |
| सुक माया तामाङ | महिला सदस्य | ९८६१०७३२७० | |
| फुलमाया विश्वकर्मा | दलित महिला सदस्य | ९७४९७०९०९२ | |
| बुध लाल तामाङ | सदस्य | ९८४०१८३९२३ | |
| सिमोन तामाङ | सदस्य | ९८४२९१८७०८ | |

वडा नं.०३

| नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|
| कमान सिंह तामाङ | अध्यक्ष | ९८४०३८६८८८ | |
| रोशनी तामाङ | महिला सदस्य | ९८४८८३२८४३ | |
| संगीता वि.क. | दलित महिला सदस्य | ९८६६५५६९६६ | |
| सुक ब. तामाङ | सदस्य | ९८४९५७७०४२ | |
| सुर्य बहादुर तामाङ | सदस्य | ९८४००२६७४५ | |

वडा नं.०४

| नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|
| लिलामान तामाङ | अध्यक्ष | ९८६०१६६४३२ | |
| विष्णु माया गुरुङ | महिला सदस्य | ९८४०७०६७३६ | |
| विमला नेपाली | दलित महिला सदस्य | ९८६०१०७७७० | |
| प्रताप बहादुर तामाङ | सदस्य | ९८६१९३९३७१ | |
| मनोज तामाङ | सदस्य | ९८४३८४९८८२ | |

वडा नं.०५

| नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|
| रविन कुमार तामाङ | अध्यक्ष | ९८६१३०७९५४ | |
| रण माया गुरुङ | महिला सदस्य | ९७४१८३५८०८ | |
| माया वि.क. | दलित महिला सदस्य | ९७४५३०५४७६ | |

| | | | |
|---|---|---|---|
| सुक बहादुर तामाङ | सदस्य | ९८६१८१७७३० | |

## २. गाउँपालिका र मातहतका कार्यालय कार्यरत कर्मचारीहरुको सम्पर्क विवरण

- **पालिका प्रमुख:**

| क्र.स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | नबराज श्रेष्ठ | नि.प्रमुख प्रशासकीय अधिकृत | ९८४३४३६९२० | rajastha788@gmail.com |

- **प्रशासन, योजना अनुगमन तथा मूल्यांकन शाखा:**
  - ❖ योजना अनुगमन तथा मूल्यांकन उपशाखा

| क्र.स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | पुष्कल श्रेष्ठ | ना.प्रा.स.(कृषि) | ९८४३४०६८६३ | योजना शाखामा प्रशासन सहायकको रुपमा कार्यरत रहेको |

- **सामाजिक विकास शाखा**

| क्र.स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | दुर्गा बहादुर शाही | अधिकृत | ९८५१२१५०६४ | durga.shahi076@gmail.com |

❖ शिक्षा तथा खेलकुद विकास उपशाखा

| क्र.स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | धिरज बस्नेत | शिक्षा अधिकृत (सातौ) | ९८४२३३२४६० | dhirajkazi@gmail.com |
| २ | कपिल देव ठाकुर | स्रोत व्यक्ति | ९८४१०८५११४ | |

❖ महिला बिकास तथा बालबालिका उपशाखा

| क्र.स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | अन्जिता तामाङ | न्यायिक सहजकर्ता | ९८६५०५३८८२ | महिला विकास शाखा प्रमुखको रुपमा पनि कार्यरत |

❖ आधारभूत स्वास्थ्य सेवा उपशाखा

| क्र.स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | आइत बहादुर तामाङ | स्वास्थ्य संयोजक | ९८४१९४०४१४ | rimeshgremba42@gmail.com |
| २ | संगीता धिताल | स्वास्थ्य सह-संयोजक | ९८४५६२३१४२ | |

❖ पंजीकरण तथा सामाजिक सुरक्षा उपशाखा

| क्र.स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | सुर्मिला थापा मगर | एम.आइ.एस. अपरेटर | ९८४१२१२३७८ | sizasumagar2gmail.com |
| २ | मान बहादुर तामाङ | फिल्ड सहायक | ९८६०६८१०१८ | mantamang928@gmail.com |

- **पूर्वाधार विकास तथा प्राबिधिक शाखा:**

| क्र. स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | दिपेश बिस्ट | इन्जिनीयर | ९८६८२१४८२१ | dbista333@gmail.com |
| २ | प्रबल तामाङ | सब-इन्जिनियर | ९८६०१६९३२१ | prabaltamang57@gmail.com |

❖ सूचना, संचार तथा प्रबिधि उपशाखा

| क्र. स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | राजेश रिजाल | सूचना तथा प्रबिधि अधिकृत | ९८६५१८७४१५ | rajeshrijal2245@gmail.com |

❖ वस्ती विकास, भवन निर्माण तथा नक्शापास उपशाखा

| क्र. स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | बिश्वास खतिवडा | अमिन | ९८४३७९४२१५ | |

- **आर्थिक प्रशासन शाखा**

| क्र. स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | निराजन तिवारी | लेखापाल | ९८६७५४०१७० | acc.khaniyabasmun@gmail.com |

❖ राजश्व प्रशासन उपशाखा

| क्र. स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | युनिक तामाङ | कम्प्युटर अपरेटर | ९८६१९२८४१९ | uniquetamang034@gmail.com |

- **आर्थिक विकास शाखा**

❖ कृषि विकास उपशाखा

| क्र. स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | सुस्मिता तिवारी | प्राबिधिक सहायक | ९८६७९३६०३३ | susmitatiwari635@gmail.com |
| २ | पुस्कल श्रेष्ठ | नायब प्राबिधिक सहायक | ९८४३४०६८६३ | puskal.stha220@gmail.com |

❖ पशु विकास उपशाखा

| क्र. स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | रबिना तामाङ | नायब प्राबिधिक सहायक | ९८६९२४३२७४ | |
| २ | सरस्वती उपाध्याय | नायब प्राबिधिक सहायक | ९८४१४४५७४० | upadhyayasaraswati8@gmail.com |
| ३ | सुहाना तामाङ | नायब प्राबिधिक सहायक | ९८६०५५११८७ | |

❖ रोजगार सेवा केन्द्र

| क्र.स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | भिष्म पाख्रिन | रोजगार संयोजक | ९८६३०५०६१५ | |
| २ | वर्णबास तामाङ | रोजगार सहायक | ९८६०५०२४१५ | |
| ३ | सोना तामाङ | प्राबिधिक सहायक | ९७४९४६३१०६ | |

- **बिधायन तथा कानुनी परामर्श शाखा**

❖ न्यायिक समितिको सचिवालय

| क्र.स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | अन्जिता तामाङ | न्यायिक सहजकर्ता | ९८६५०५३८८२ | anjita.npts@gmail.com |

- **बिबिध:**

❖ सवारी चालक:

| क्र.स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | तोरण तामाङ | एम्बुलेन्स चालक | ९८४०५२०६०६ | |
| २ | धन बहादुर तामाङ | हलुका सवारी चालक | ९८६३६६२१९२ | |

❖ पालिका स्तरीय कार्यालय सहयोगी

| क्र.स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | सन्जु तामाङ | कार्यालय सहयोगी | ९८४३०९३४१४ | |
| २ | सोनम तामाङ | कार्यालय सहयोगी | ९८६१७६११४४ | |

- **वडा स्तरीय कर्मचारी**

- **वडा नं.०१**

| क्र.स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | श्रीषान तामाङ | असिस्टेन्ट सब-इन्जिनियर | ९८४६७३९९२९ | |
| २ | हरिमाया तामाङ | सामाजिक परिचालक | ९८६०९४४९६३ | |
| ३ | एल.बि. तामाङ | कार्यालय सहयोगी | ९८६१९४३०४६ | |

- **वडा नं.०२**

| क्र. स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | दिनेश सुबेदी | प्रशासन सहायक (वडा सचिब २) | ९८४५२७३८४७ | |
| २ | हेमन तामाङ | कार्यालय सहयोगी | ९८६१५९७४७७ | |

- **वडा नं.०३**

| क्र. स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | झलक लम्साल | प्रशासन सहायक (वडा सचिब ३) | ९८४८०९३९९१ | jhalaklamsal2050@gmail.com |
| २ | राजकुमार कुमाल | असिस्टेन्ट सब-इन्जिनियर | ९८४७३२६७९० | kumalraj628@gmail.com |
| ३ | सन्तु तामाङ | सामाजिक परिचालक | ९८४९४३९६३६ | |
| ४ | मिमा गुरुङ | कार्यालय सहयोगी | ९८६०६६५१८१ | |

- **वडा नं.०४**

| क्र. स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | सन्जय तामाङ | कार्यालय सहयोगी | ९८४८८३२६८५ | |

- **वडा नं.०५**

| क्र. स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | बालिका न्यौपाने | वडा सचिब ५ | ९८६३१४१८१५ | |
| २ | अनिश सुनार | असिस्टेन्ट सब-इन्जिनियर | ९८६६२६२५९० | anishsunar9861@gmail.com |
| ३ | लिला बहादुर तामाङ | कार्यालय सहयोगी | ९८६५०७०६६७ | |

**पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको विवरण**

- **झार्लाङ सामुदायिक स्वास्थ्य केन्द्र, वडा नं.०१**

| क्र. स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | फिलिप तामाङ | हेल्थ असिस्टेन्ट | ९८६२५८५३९६ | |
| २ | पुजा तामाङ | अ.न.मि. | ९८४५१५३४२४ | |
| ३ | एलिया तामाङ | का.स. | ९८६३२१८१९६ | |

- **झार्लाङ स्वास्थ्य चौकी, वडा नं.०२**

| क्र.स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | अनिश पाठक | हेल्थ असिस्टेन्ट | ९८४४२३९४१६ | ydharmalal@gmail.com |
| २ | सिर्जना तामाङ | सी.अ.न.मि. | ९८६७१३७५८४ | |
| ३ | सुनिता गुरुङ | हेल्थ असिस्टेन्ट | ९८४३६१३१९८ | |
| ४ | अमृता तामाङ | अ.न.मि. | ९८६०८६२३१९ | |
| ५ | विष्णु माया तामाङ | अ.हे.व. | ९८४३४३६६०४ | |
| ६ | रुमा गुरुङ | ल्याब असिस्टेन्ट | ९७६१६८०९६६ | |
| ७ | मान बहादुर तामाङ | कार्यालय सहयोगी | ९८६३२०९७८७ | |

- **क्युङ सामुदायिक स्वास्थ्य इकाई, वडा नं.०२**

| क्र.स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | सिर्जना तामाङ | अ.हे.व. | ९८६७०५३५३८ | |
| २ | ज्वाला रानाभाट | रोभीङ अ.न.मि. | ९८६६११५७५५ | |

- **कुरी आधारभुत स्वास्थ्य इकाई**

| क्र.स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | एस्तर तामाङ | अ.हे.व. | ९८४७२९१५८९ | astartmg1@gmail.com |
| २ | सुमित्रा तामाङ | अ.न.मि. | ९८४८५८४१८६ | |
| ३ | पवित्रा तामाङ | अ.हे.व. | ९८४०५२५२३५ | |
| ४ | प्रिती तामाङ | का.स. | | |

- **खनियाबास ग्रामिण अस्पताल**

| क्र.स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | डा.शिवराम बिष्ट | मे.अ. | ९८४९६३९४१७ | shivabista2010@gmail.com |
| २ | बिजय तामाङ | हे.अ. | ९८६५४४६२७९ | |
| ३ | रिङ्कु तामाङ | स्टाफ नर्स | ९८२३०६४५११ | |
| ४ | तारा माया तामाङ | स्टाफ नर्स | ९८६६४४३९४७ | |
| ५ | ललित जंग भण्डारी | रेडियोग्राफर | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | गणेशमान तामाङ | अ.हे.व. | ९८६१२८०८०८ | |
| ७ | सोनिया लामगादे | अ.न.मि. | ९८६६९९७७२१ | |
| ८ | प्रज्ञा पाठक | अ.हे.व. | ९८६६०३०२४८ | |
| ९ | महेन्द्र शाही | अ.हे.ब. | ९८४८३६८५४७ | |
| १० | सिमा तामाङ | ल्या.टे. | ९८६१३४४७५० | |
| ११ | हिमा गुरुङ | अ.न.मि. | ९८६९२४३१२८ | |
| १२ | सुनमाया तामाङ | कार्यालय सहायक | ९८६१७७८६१७ | sunmayatamang020@gmail.com |
| १३ | शान्ति तामाङ | का.स. | ९८६६२४०७४० | |
| १४ | प्रिस्कीला तामाङ | का.स. | ९८४०४५५०२७ | |

- **भोग्टेनी स्वास्थ्य चौकी**

| क्र. स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | जीवन लामा तामाङ | हे.अ. | ९८४००६९२८१ | gomjabokhle@gmail.com |
| २ | सुचंद्र लामा तामाङ | सी. अ.हे.व. (पाँचौ) | ९८४१०८८७८९ | |
| ३ | गायत्री तामाङ | अ.न.मि. | ९८६०६८६६४८ | |
| ४ | पुजा गुरुङ | अ.न.मि. | ९८४९९२८७३९ | |
| ५ | गंगा सिद्दाली | अ.हे.व. | ९८४०२९१६८३ | |
| ६ | सुन कमारी तामाङ | ल्याब असिस्टेन्ट | ९७६५३६०६१२ | |
| ७ | मङ्गली तामाङ | कार्यालय सहयोगी | ९८६०२३८५४९ | |

- **बिद्यालय नर्स (करार)**

| क्र. स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | सुनमाया गुरुङ | बिद्यालय नर्स (बच्छला) | ९८६०७८३००२ | Sunugurung24119@gmail.com |
| २ | बिमला तामाङ | बिद्यालय नर्स (बृचेत) | ९८४३२९८८१३ | bimlafyuba@gmail.com |

- **खनियाबास आँखा क्लिनिक**

| क्र. स. | नाम | पद | फोन नं. | कैफियत |
|---|---|---|---|---|
| १ | सृजना श्रेष्ठ | नेत्र सहायक | ९८६३८५५८५२ | करार |
| २ | दिपा तामाङ | अप्टिकल फिटर | ९७४१६९९२९५ | करार |

## खण्ड – २
## खनियाबास गाउँपालिकाको संक्षिप्त परिचय

## परिचय

**१.१ खनियाबास गाउँपालिकाको संक्षिप्त परिचय**

**१.१.२ स्थापना**

भौगोलिक अवस्था अपठ्यारो भएतापनि प्राकृतिक सुन्दरताले भरिपूर्ण धादिङ जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित खनियाबास गाउँपालिकाको स्थापना वि.स. २०७३ साल फाल्गुन २७ गते भएको हो । नेपालको संविधान, २०७२ अनुसार महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका र संरक्षित वा स्वायत्त क्षेत्रको संस्था र सिमाना निर्धारण गर्न नेपाल सरकारबाट गठन भएको आयोगको सिफारिस र नेपाल सरकारको निर्णय अनुसार राजपत्रमा सुचना प्रकाशन भई गाउँपालिका लगायत सबै स्थानीय तहको सिमाना र क्षेत्र कायम भएको हो ।

बाग्मती प्रदेशको धादिङ जिल्लामा पर्ने यस गाउँपालिका संघिय राजधानी काठमाण्डौंदेखि १२५ कि.मि र जिल्ला सदरमुकाम धादिङ बैंसीदेखि ४१ कि.मि को दुरीमा रहेको छ ।१०५.५ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाले धादिङ जिल्लाको कुल क्षेत्रफल मध्येको ५.५% भुभाग ओगटेको छ भने यो गाउँपालिका ५९७.३६ मिटर देखि ४०४०.११ मिटर सम्म उचाईमा रहेको छ ।यस गाउँपालिकामा उपोष्ण र उष्ण हावापानी पाईन्छ । यहाँका मानिसहरुको मुख्य पेशा पशुपालन र निर्वाहमुखि खेती हो । गाउँपालिकाभित्र रहेका सबै टोल बस्तिहरुलाई समेट्ने गरी कच्ची तथा ग्राभेल सडक संजाल पुगेको यस गाउँपालिकामा बर्खाको ३ महिना बाहेक प्राय सबै सडक सुचारु अवस्थामा रहन्छन् ।

खासगरी तामाङ समुदायको बाहुल्यता रहेको यस गाउँपालिकामा गुरूङ, मगर, दमाई, कामि, क्षेत्री, ब्राह्मण, घले, नेवार (दलित, जनजाती, आदिवासी, खस, सिमान्तकृत) आदि जातजातीको बसोबास रहेको छ ।

**१.१.२ ऐतिहासिक पृष्ठभुमि**

परापुर्व समयमा नुवाकोट जिल्ला खिन्चेतवासी तिर्थयात्रीहरु मुक्तिनाथको दर्शन गरी फर्कने क्रममा किन्ताङफेदीमा धानको एक गाँजमा १००० राना धान फलेको देखेपछि यो ठाउँ अन्न उत्पादन र बसाईका लागि उपयुक्त रहेकोले ती तिर्थयात्रीहरु किन्ताङफेदीबाट उकालो लागि हालको खनियाबास-५ खाडीटोलमा गई रात परेपछि खनायोको बोटमुनि बास बसेकोले यस ठाउँको नाम खनायोबास रहन गएको र पछि खनायोबासबाट अपभ्रम्स भई खनियाबास नाम भएको किम्वदन्ती भेटिन्छ ।

**१.१.३ सिमाना**

पुर्वः नुवाकोट जिल्ला

पश्चिमः गंगाजमुना गाउँपालिका

उत्तरः रूबीभ्याली गाउँपालिका

दक्षिणः नेत्रावती गाउँपालिका

**१.१.४ स्थानीय तहको पुर्नसंरचना**

यस गाउँपालिका साविकका ३ गाविसहरु झार्लाङ, दार्खा र सत्यदेवीको भुभागलाई समायोजन गरी बनेको छ । जसलाई देहाय बमोजिम तालिकामा देखाइएको छ । खनियाबास गाउँपालिकाको साविकको गाविस, वडाहरु देहाय बमोजिम कायम भएका छन् ।

| वडा नं. | समावेश भएका साविकका गाविस | साविकका गाविसका वडा | हालको वडा कार्यालय |
|---|---|---|---|
| १ | झार्लाङ | १,२ | च्यामथली |
| २ | झार्लाङ | ३,४,५,६,७,८,९ | कोखिम |

| | | | |
|---|---|---|---|
| ३ | दार्खा | २,३,४,५,६ | बृचेत |
| ४ | दार्खा | १,७,८,९ | अफिसटोल, टारी |
| ५ | सत्यदेवी | १,२,३,४,५,६,७,८,९ | बच्छलादेवी |

### १.१.५ भु-धरातल

भु-सुचना प्रणाली (GIS) अनुसार यस गाउँपालिकाको भु-धरातललाई विभाजन गर्दा १ देखि ५ डिग्री सम्म भिरालोपन भएको ०.५६ प्रतिशत, ५ देखि ३० डिग्री सम्म भिरालोपन भएको ४४.६५ प्रतिशत र ३० डिग्री भन्दा माथि भिरालोपन भएको ५४.७९ प्रतिशत भु-भाग रहेको पाईन्छ।

### १.१.५ भु-उपयोग विवरण

भु-सुचना प्रणाली (GIS) अनुसार यस गाउँपालिकाको भु-उपयोगलाई वर्गिकरण गर्दा वनजंगलले ढाकेको जमिन ७०.५५ प्रतिशत, कृषियोग्य जमिन २३.९१ प्रतिशत र चट्टानको क्षेत्र ०.०६ प्रतिशत रहेको छ। यस सम्बन्धी थप विवरण देहायको तालिकामा दिइएको छ।

| क्र.स. | भु-उपयोग | क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | २५१५.५६ | २३.९१ |
| २ | आवासिय क्षेत्र | ३२२.८६ | ३.०७ |
| ३ | व्यापारिक क्षेत्र | ९.६२ | ०.०९ |
| ४ | द्योगिक क्षेत्र | २.८० | ०.०३ |
| ५ | वनजंगल क्षेत्र | ७४२१.१८ | ७०.५५ |
| ६ | सार्वजनिक प्रयोग क्षेत्र | ८२.५७ | ०.७८ |
| ७ | अन्य क्षेत्र | ०.०० | ०.०० |
| ८ | चुन र खनिज क्षेत्र | ६.८२ | ००.६ |
| ९ | सांस्कृतिक तथा पुरातात्विक क्षेत्र | २.७१ | ०.०३ |
| १० | खोला नाला प्रवाह, ताल तथा सिमसार क्षेत्र | १५५.२१ | १.४८ |
| | जम्मा | १०५१९.३२ | १०० |

### १.१.६ सार्वजनिक सेवाको भु-उपयोग विस्तृतिकरण

भु-सुचना प्रणाली (GIS) अनुसार यस गाउँपालिकाको सार्वजनिक सेवाको भु-उपयोग विस्तृतिकरण गर्दा स्थानिय सडकले ओगटेको क्षेत्र १५.५७ प्रतिशत, पुलले ओगटेको क्षेत्र ०.०४ प्रतिशत रहेको छ। यस सम्बन्धी थप विवरण देहायको तालिकामा दिइएको छ।

| क्र.स. | विवरण | क्षेत्रफल (हे) | प्रतिशत |
|---|---|---|---|
| १ | पुल | ०.०२ | ०.०४ |
| २ | स्वास्थ्य संस्था | ०.४१ | ०.९३ |
| ३ | अस्पताल | ०.२३ | ०.५२ |
| ४ | स्थानिय सडक | २६.३९ | ५९.८८ |
| ५ | अन्य सडक | ६.८६ | १५.५७ |
| ६ | खेलमैदान | ३.२० | ७.२७ |
| ७ | प्रहरी थाना | ०.०४ | ०.१० |
| ८ | आधारभुत विद्यालय | ३.९१ | ८.८६ |
| ९ | माध्यमिक विद्यालय | ३.०२ | ६.८४ |
| | | ४४.०८ | १००.०० |

### १.१.७ जनसांख्यिक बिवरण

केन्द्रिय तथ्यांक विभागको राष्ट्रिय जनगणना, २०६८ अनुसार खनियाबास गाउँपालिकाको जनसांख्यिक अवस्थामा जम्मा जनसंख्या १२७४९ जनसंख्या रहेको थियो भने राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार खनियाबास गाउँपालिकाको जनसंख्या देहाय बमोजिम रहेको देखाएको छ।

**जनसांख्यिक बिवरण**

| जिल्ला-स्थानिय तह | जनगणना घर संख्या | परिवार संख्या | प्रारम्भिक जनसंख्या २०७८ | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | पुरूष | महिला |
| खनियाबास गाउँपालिका | २६१८ | २६४० | १०६८० | ५१७५ | ५५०५ |

### १.२ धार्मिक, सांस्कृतिक तथा पर्यटकिय क्षेत्र

यस गाउँपालिकामा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकिय स्थलहरु वडागत रूपमा देहाय बमोजिम रहेका छन्

| वडा नं. | स्थान |
|---|---|
| १ | गिलिङ्चो गुम्बा , सिङ्ल्ह, सिचेत पोखरी, न्यक्स चर्च, तिकासुङ मचेत खर्क, छेमेन ये, वोनु उ, वेन्दिवाला |
| २ | तातोपानि, फलामतगारो, खापेढुङ्गा, धोपिकिल्ला, जेर्सेत, सिबिने चर्च, वोत्तिजो |
| ३ | ल्याक्चेकुण्ड, विज्युलुङ थुङ्वा ( फिस्टे ढुङ्गा ) , म्हन्दङ् शिलालेख, छङ्गम गुम्बा, तारजिपङ्कर, सिंकिल एवेनेजर, चन्द्रादेवी मन्दिर, वोस्योरो देवी |
| ४ | रङ्ज्युङ तेन्वा वौद्ध गुबा (सल्लेरी), शिवमन्दिर, देवीखुङ, रुद्रादेवी मन्दिर, लोजोङ गुम्बा (भोगटेनी), कालिमाटी सातकन्या कुङ्कार (माने), नागगोरोम कुङ्गार |
| ५ | थङ्ब्रा, मोती गुफा, नल्मो झरना, च्यारलाङ झरना, बोनोङनोङ च्येत, सत्यदेवी मन्दिर, गोम्बोजोङ घले दरबार, छयोइफेलिङ गुम्बा, बच्छला मन्दिर, तइपोच्यात, सिमलडाँडा मन्दिर, भुमेस्थान मन्दिर, सिमलडाडाँ |

### १.३ गाउँपालिकाको निर्वाचन र जनप्रतिनिधिहरू

संघियता कार्यन्वयन भए सँगै स्थापना भएको यस खनियाबास गाउँपालिकामा पहिलो पटक निर्वाचित जनप्रतिनिधिहरुले सफलतापुर्वक आफ्नो कार्यकाल समाप्त गरि हाल पुन स्थानिय तहको दोस्रो पटकको निर्वाचन मिति २०७९ बैशाख ३० गते समपन्न भई आ.व. २०८३/०८४ सम्मको लागि नयाँ जनप्रतिनिधि निर्वाचित भई मिति २०७९/०२/१० गतेबाट औपचारीक रुपमा सपथ ग्रहण गरी कार्यभार सम्हाल्दै आएका छन्।

### १.४ विद्यमान अवस्थाको समिक्षा

अधिकार र स्वतन्त्रता प्राप्तीका लागि वलिदानीपुर्ण संघर्षको परिणाम स्वरुप देशमा गणतन्त्र स्थापना भई जनचाहना अनुरुप संघीय शासन प्रणालीको शुरुवात भएको यस अवस्थामा तिन तहका सरकारहरु जनआकांक्षा अनुरुप विकास निर्माणको कार्यमा जुटी अहोरात्र जनताको आवश्यकता परिपुर्तिका लागि क्रियाशिल भई रहेको अवस्था छ। विश्वव्यापी महामारीको रुपमा देखा परेको कोभिड-१९ को सङ्क्रमणलाई न्युनिकरण गरी समग्र गाउँपालिका र समाजलाई जोखिम मुक्त बनाउने र आर्थिक विकासमा ध्यान केन्द्रित गरी आर्थिक क्रियाकलाप बढाउँदै अर्थ व्यवस्थालाई चलायमान बनाई राख्नु आजको आवश्यकता हो। यसका लागि जननिर्वाचित तिनै तहका सरकारहरुले आ-आफ्नो तर्फबाट भूमिका निर्वाह गर्नुपर्ने  हुन्छ। संघिय शासन प्रणाली अन्तरगत स्थानीय तहमा स्थानीय सरकारको गठन भए पश्चात हाल सम्म भएका उपलब्धिहरुको जगमा टेकेर जनचाहनाहरुलाई पूरा गर्दै विकास निर्माणको कार्यलाई अगाडी बढाउने कार्य यस गाउँपालिकाको नव निर्वाचित जनप्रतिनिधिहरु लागि परेको अवस्था छ।आफुले चुनेको जनप्रतिनिधि र गाउँपालिका प्रति गाउँवासीहरुको आशा, भरोसा र अपेक्षा ठुलो छ। गाउँपालिकाको आन्तरिक आम्दानीको स्रोतमा वृद्धि हुन सकेको छैन। आन्तरिक आयस्रोत बढाई जनआकांक्षा पुरा गर्नु पर्ने चुनौती छ। गाउँपालिकाको आफ्नो भवनबाट सेवा प्रवाह गर्नका लागि प्रशासनिक भवन निर्माणको कार्य सम्पन्न हुने चरणमा पुगेको अवस्थामा छ। गाउँपालिका स्थापना हुदाँको बखत २-४ जना कर्मचारीबाट सेवा संचालन र प्रवाह हुँदै आएकोमा हाल अधिकांश वडा कार्यलय र गाउँ कार्यपालिकाको कार्यालयमा कर्मचारी व्यवस्थापन भइ सबै बिषयगत शाखाहरु र वडा कार्यालयहरुबाट दिनुपर्ने सेवाहरु छिटो, छरितो, चुस्त, दुरुस्त, प्रभावकारी र पारदर्शी हुने गरी

अनलाईन सिष्टमबाटै कार्य सम्पादन हुने व्यवस्था मिलाईएको छ । उपलब्ध जनशक्तिलाई समुचित रुपमा परिचालन र व्यवस्थापन गरी सिमित स्रोत साधनको वावजुद विकास निर्माण कार्य, गाउँपालिकाको आवश्यकता, पालिकावासीको आकांक्षा र चाहना पुरा गर्नु पर्ने चुनौती छ ।

**१.४.१ अवसर**

संघिय राजधानी काठमाण्डौँ संग जोडिएको यस खनियाबास गाउँपालिका संभावनाको खानी भएको गाउँपालिका हो ।

- पौराणिक धार्मिक, सांस्कृतिक तथा पर्यटकिय दृष्टिले महत्वपुर्ण गन्तव्यस्थल यस गाउँपालिकामा अवस्थित हुनु ।
- तरकारीखेति, कुखुरापालन, फलफुल, जडिबुटि, आलुको उत्पादन र विकासको उच्च सम्भावना
- पाहाँ खेति, मौरीपालन, भेडा पालन, बाख्रा पालन, वदेल पालन, कालिज पालन, बंगुरपालनको सम्भावना ।
- आन्तरीक तथा वाह्य पर्यटन अभिवृद्धिको लागि होटल, होम स्टे सञ्चालन गर्न सकिने ।
- केन्द्रिय राजधानि सँग नजिक रहेको यो गाउँपालिको भविष्य आगामि दिनहरुमा सम्भावना बोकेको गाउँपालिका हुन सक्ने ।
- निर्माणाधिन पुल, योजना सम्झौता अनुसार बन्दै जानु ।
- सडक कालापत्रेको लागि पहल हुनु ।
- गोलभेडा खेति, धान खेति, आलु खेतीको सम्भावना हुनु ।
- जडिबुटि खेतीको सम्भावना रहनु ।
- अदुवा,हलेदो,कफि,भुइँकटहर,अलैची,केरा,ओखर,लप्सि खेतीको सम्भावना रहनु ।
- सुन्तला, कागति खेती गर्न सकिने ।
- गौपालन भैसिपालन गरी दुध, दहि, घ्यु, छुर्पी निर्यात गर्न सक्ने ।

**१.४.१ चुनौती**

- आन्तरिक आय वृद्धिका क्षेत्र न्युन हुनु ।
- काठमाण्डौँको नजिकै भएको भएता पनि यहाँको वाटो पक्कि हुन नसक्नु, पुल स्थायी हुन नसक्नु, उच्च स्तरको शिक्षा आर्जन गर्न, स्वास्थ्य उपचार गराउन तथा अन्य अवसर प्राप्त गर्न केन्द्रमा नै धाउनुपर्ने बाध्यता रहनु ।
- उद्योगधन्दाको सञ्चालनको अवस्था न्युन रहनु ।
- बाह्रैमास चल्ने सडक सञ्जाल नहुदा यहाँ उत्पादित वस्तुको वजारीकरणको समस्या रहनु ।
- प्राविधिक शिक्षा र उच्च शिक्षा अध्ययनको अवसर नहुनु
- पौराणिक, धार्मिक र सांस्कृतिक तथा पर्यटकिय दृष्टिले महत्वपुर्ण स्थलहरु भएतापनि यसको उचित व्यवस्थापन, व्यापक प्रचार प्रसार हुन नसक्नु, छुट्टै, सहज, सरल र व्यवस्थित पहुचँ मार्ग निर्माण हुन नसक्नु ।
- आधारभुत पूर्वाधारहरुको कमी रहेको, नमिलेको पहाडी भिरालो जमिन भएको हुदाँ भुक्षय-, वाढी पहिरो जन्य अन्य प्राकृतिक प्रकोप एंव विपद् आउन सक्ने जोखिम रहनु ।
- भू उपयोग निति बन्न नसक्दा जग्गाको अव्यवस्थित प्रयोग बढ्नु ।
- सामुदायिक विद्यालहरुको शैक्षिक गुणस्तर बढाउने, शिक्षकको क्षमता विकास, विद्यार्थीको कक्षा छोड्ने दर घटाउने र विद्यालयको शैक्षिक सुचकको आधारमा अनुगमन गर्न नसक्नु।
- आन्तरीक आय न्युन रूपमा परिचालन भएको र विकासको माग सम्बोधन गर्न साधनको न्युनता रहनु।
- यस गाउँपालिका भित्र साना तथा मझौला उद्योगहरु स्थापना र विकास गर्न नसक्नु ।
- जनशक्ति र जनप्रतिनिधिहरुको क्षमता विकासमा अवसरहरुको कमी रहनु।
- युवाहरुको विदेश पलायन र काम गर्ने जनशक्तिको अभाव रहनु ।

# खण्ड – ३
# आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम

**आ.ब. २०८०/८१ को लागि गाउँपालिका अध्यक्षबाट प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम**

मिति: २०८०/०३/१०

**खनियाबास गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**दार्खा,धादिङ**

**बागमती प्रदेश,नेपाल**

गाउँपालिका उपाध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँसभाका सदस्य ज्यूहरू,
पत्रकार एवं कर्मचारी मित्रहरू ।

१. आम निर्वाचनबाट निर्वाचित दोस्रो गाउँसभाको तेस्रो अधिबेसनको बैठकलाई सम्बोधन गर्न पाउदा हर्ष महसुस गरेको छु । यस सभामा उपस्थित हुनुहुने सम्पुर्णमा मेरो व्यक्तिगत तर्फबाट र समग्र गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

२. आजको यस महत्वपुर्ण घडीमा ईतिहासका बिभिन्न कालखण्डमा भएका लोकतान्त्रिक परिबर्तनकारी आन्दोलनहरूमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहिदहरूप्रति भावपुर्ण श्रद्दाञ्जली अर्पण गर्दछु ।

३. स्थानीय सरकारले बनाउने वार्षिक नीति तथा कार्यक्रम र बजेटले समग्र गाउँबासीहरूको इच्छा, चाहना र आवस्यकताहरूलाइ सम्बोधन गर्दै आम गाउँबासीहरूले महसुस गर्नसक्ने चुस्त सेवा प्रबाहका साथ नविन र रूपान्तरणकारी योजना तथा कार्यक्रम संचालन गर्नु आजको आवस्यकता हो ।

४. संघीयताको सफल कार्यान्वयन सगै स्थापित गाउँगाउँमा सिंहदरबार, घरघरमा स्थानीय सरकारको अवधारणालाइ मुर्तरूप दिन पुर्वाधारको निर्माण तथा बिकास गर्नु हाम्रो पहिलो आवस्यकता भएकोले हाम्रो बजेटको ठुलो हिस्सा पुर्वाधार निर्माणमा खर्च गर्नुपर्ने बाध्यता छ ।

५. यसका बावजुद गाउँपालिकाको समग्र विकासको लागि शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, पर्यटन,उद्यमशीलता विकास लगायतका क्षेत्रलाइ समेत उच्च प्राथमिकतामा राखि गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यलाइ निरन्तरता दिने प्रयत्न गरेको छु ।

६. पहिलो पाँच बर्षे कार्यकाल अभ्यासको चरणमा रहेको स्थानीय सरकार, पर्याप्त ज्ञान र अनुभवको कमी, पर्याप्त कर्मचारी अभाव लगायतका कारण सोचे अनुरूपको सेवा प्रबाह एवं विकास निर्माणको कार्य गर्न नसकेको यथार्थ म आफैले महसुस गरेको छु तर हाल गाउँपालिकाको सेवा प्रबाहमा आएको चुस्तता र बिकास निर्माणमा भएको परिवर्तनले गाउँबासीहरूमा स्थानीय सरकार प्रतिको विश्वास बढेको महसुस गरेको छु ।

७. स्थानीय सरकारको प्रमुखको रूपमा पहिलो पटक निर्वाचित भइ पाँच बर्षे कार्यकाल सफलतापुर्बक सम्पन्न गरि पुन: दोस्रो पटक निर्वाचित भइ थप एक बर्ष बिताउदै गर्दा गाउँपालिकाबाट सम्पादन भएका कार्यहरूबाट प्राप्त उपलब्धिहरू उत्साहजनक छन् ।

८. गाउँपालिकाको प्राय सबै टोल बस्तिहरूमा सडक संजाल पुगेका छन् । गाउँपालिका भित्रका मुख्य सडकहरू पक्कि सडकको रूपमा स्तरोन्नती हुन थालेका छन् । ग्रामिण अस्पतालमा मेडिकल अधिकृत सहितको एम्बुलेन्स सेवा उपलब्ध छ । ४ वटा वडा कार्यालय भबन निर्माण सम्पन्न भइ आफ्नै भवनबाट सेवा प्रबाह गरिरहेका छन् भने पालिकाको प्रशासनिक भबन तथा पालिका स्तरिय कृषि नर्सरी भवन निर्माण सम्पन्नको अन्तिम चरणमा छन् । गाउँगौरबको आयोजनाको रूपमा कृषि बिज्ञान केन्द्र तथा दामन पाख्रिन रिङरोड लगायत अन्य साना ठुला आयोजनाहरू निर्माणकै चरणमा छन् ।

९. गाउँपालिकाको सिमित स्रोत, साधनलाइ उचित सदुपयोग गरी अधिकतम उपलब्धि हासिल गर्न गाउँपालिकाको आवधिक रणनितिक बिकास योजनालाइ अनुसरण गर्दै वर्तमान अवस्थाको विश्लेषण गरी बिगतका नीति तथा कार्यक्रम र बजेटले सम्बोधन गर्न नसकेका घोषित प्रतिबद्दताहरूलाइ क्रमश: पुरा गराउने संकल्पका साथ आगामी आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम सिलसिलेवार प्रस्तुत गर्न चाहन्छु ।

## १०.आर्थिक बिकास

क) कृषि तथा पशु सेवा

१. स्थानीय उत्पादन प्रबर्द्धनका लागि उचित बजार ब्यबस्थापनमा जोड दिदै कफी, अलैंची, विभिन्न जातका टिम्मुर, बेसार तथा अदुवा खेतीका लागि कृषकहरुलाई अनुदानको व्यवस्था गरिनेछ।

२. मौसमी तथा बेमौसमी तरकारी उत्पादनमा जोड दिई निर्यात परिमाणमा बृद्धी गरिनेछ।

३. आलु बालीको साना ब्यबसायिक उत्पादन केन्द्र (पकेट) बिकास कार्यक्रमलाई थप सुदृढीकरण गरि निरन्तरता दिईनेछ।

४. उच्च मुल्य जाने कृषिजन्य उत्पादन जस्तै सिताके च्याउ, मौरीपालन, रेन्बो ट्राउटको उत्पादनमा बृद्धी गराउन स्थलगत तालिम तथा मागमा आधारित अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ।

५. पालिका भित्रका कृषकहरुबाट उत्पादित तरकारी, फलफुल, नगदे बाली तथा पशुजन्य उत्पादनहरुको बिक्री परिमाणमा अनुदान दिईने नीति ल्याई बजारीकरणको उचित व्यवस्था मिलाइनेछ।

६. कृषि बालीमा लाग्ने बिभिन्न किसिमका रोग, किरा नियन्त्रणका लागि रासायनिक बिषादी प्रयोगलाई निरुत्साहित गरि वातावरण तथा माटोलाई असर नपर्ने जैविक विषादीको प्रयोगलाई प्राथमिकता दिईनेछ।

७. पालिकास्तरीय कृषि नर्सरीलाई आबश्यक उपकरण तथा जनशक्तिको ब्यबस्थापन गरि प्रभाबकारी रुपमा संचालन गरिनेछ।

८. मौसमी उत्पादन तथा बीउ आलु भण्डारणका लागि पालिकास्तरीय शीत भण्डार (Cold Store) को ब्यबस्था गरिनेछ।

९. किसानहरुको तथ्यांक संकलन गरि तथ्यांकको आधारमा किसान परिचयपत्र वितरण गरिनेछ।

१०. निर्माण सम्पन्न भएको कृषि संकलन केन्द्रलाई ब्यबस्थापन समिति मार्फत संचालनमा ल्याइनेछ।

११. प्रत्येक वडामा माटोको नमुना संकलन तथा परिक्षण गरि माटो सुहाउदो उत्पादनका लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ।

१२. रैथाने बालीको उत्पादन तथा प्रबर्द्धनलाई जोड दिन नमुना सामुदायिक बीऊ बैंकको स्थापना गरिनेछ।

१३. कृषकहरुलाई ऊन्नत जातको पशुपालनमा आकर्षण गर्न नश्ल सुधार कार्यमा जोड दिईनेछ।

१४. पशुरोग विरुद्वको खोप तथा पशु स्वास्थ्य शिबिर कार्यक्रमलाई अभियानको रुपमा पालिकाभर संचालन गरिनेछ।

१५. गाउँपालिका कार्यालय र हेफर प्रोजेक्ट नेपालको लागत साझेदारीमा संचालनमा ल्याईएको कृषि एम्बुलेन्सलाई कार्यविधि बनाई कृषिजन्य तथा पशुजन्य उत्पादनको बजारीकरणमा प्रगोग गरिनेछ।

१६. गाउँबासि पशुपालक कृषकहरुले पालेका पशुपंक्षीको बीमा कार्यक्रमलाई थप प्रभाबकारी रुपमा संचलानमा ल्याइनेछ।

१७. कृषि बिज्ञान केन्द्रको निर्माण प्रक्रिया अगाडी बढाइनेछ।

१८. पालिकास्तरीय फुल नर्सरीको निर्माणलाई अगाडी बढाउन आवश्यक पहल गरिनेछ।

ख) पर्यटन क्षेत्र

१. खनियाबास गा.पा.-२, झार्लाङ स्थित तातोपानी क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा बिकास गरिनेछ।

२. "ल्याक्चेकुन्ड" मा बाह्रै महिना पानीको अभाब हुन नदिन बैकल्पिक श्रोत ब्यबस्थापन गरि पर्यटन प्रबर्द्धनका लागि पार्क निर्माण गरिनेछ।

३. "बोनोङच्येत पोखरी" लाई रिजर्भ पोखरीको रुपमा बिकास गरिनेछ।

४. "सिचेत पोखरी" लाई पर्यटकीय स्थलको रुपमा विकास गर्न आवश्यक प्रबर्द्धन गरिनेछ।

५. खनियाबास गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तब्यको रुपमा रहेको सिङ्ल्हा क्षेत्रको विकास र पर्यटन प्रबर्द्धनका लागि आवश्यक पहल गरिनेछ।

६. आन्तरिक तथा वाह्य पर्यटन प्रबर्द्धनका लागि होमस्टे संचालन तथा ब्यबस्थापन गर्न आवश्यक तालिम तथा समन्वयको ब्यबस्था मिलाईनेछ।

७. गोम्बोङजोङ घले दरबारलाई गाउँपालिकाको प्रमुख ऐतिहासिक तथा पुरातात्विक स्थलको रुपमा बिकास गरिनेछ।

८. गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको पहिचान, सूचीकरण, मर्मत सम्भार तथा स्तरोन्नति गरिनेछ।

९. आन्तरिक तथा वाह्य पर्यटन प्रबर्द्धन तथा बजारीकरणका लागि पालिकास्तरमा सांस्कृतिक महोत्सबको आयोजना गरिनेछ।

१०. उङ्गुल ग्युङ संरक्षणको लागि आवश्यक पहल गरिनेछ।

११. वडा नं.०५ माहुर च्यार्लङ डी स्थित नाल्मो स्योङ झरनाको पूर्वाधार तयार गरि आकर्षक पर्यटकीय स्थलको रुपमा विकास गर्न पहल गरिनेछ।

ग) सहकारी

१. गाउँपालिका भित्र संचालित सहकारी संस्थाहरुलाई नेपाल सरकार, सहकारी बिभागबाट जारि गरिएको CoPoMIS Software मा आबद्ध गराई मासिक तथ्याङ्क अद्यावधिक गरी गाउँपालिकाबाट सार्बजनिक गर्ने व्यवस्था मिलाइनेछ।

२. संघ-संस्था, सहकारी तथा अन्य वित्तीय संस्थाहरुको दर्ता, नविकरण, समायोजन, एकीकरण तथा खारेजीको नीति अवलम्बन गरिनेछ।

३. सहकारी संस्था मार्फत वितरण हुने अनुदानको रासायानिक मल तथा अन्य दैनिक उपभोग्य सामग्रीहरु विक्री वितरण कार्यलाई थप प्रभावकारी बनाईनेछ।

४. एकल महिला, गरीब, अल्पसंख्यक, भिन्न क्षमता भएका व्यक्ति, भूमिहीन तथा पिछडीएका बर्ग र श्रमिकको जीवनस्तरमा सुधार ल्याउन सहकारीसंगको पहुँचमा वृद्धि गरिनेछ।

५. मानव संसाधन बिकास अन्तर्गत सहकारी क्षेत्रमा संलग्न पदाधिकारी तथा कर्मचारीहरुलाई क्षमता अभिवृद्धिको लागि प्रशिक्षण तथा अभिमुखीकरण तालिम संचालन गरिनेछ।

घ) उद्योग तथा बाणिज्य

१. खनियाबास गाउँपालिका भित्र ब्यबसाय संचालन गरिरहेका तथा नयाँ ब्यबसाय संचालन गर्न ईक्छुक व्यक्तिहरुलाई "सहुलियतपूर्ण कर्जामा उद्यम ब्यबसायका लागि ब्याज अनुदान कार्यविधि-२०७७" बमोजिम बैंकसंगको सहकार्यमा ऋण लगानी तथा ब्याज अनुदान दिने कार्यलाई अगाडी बढाइनेछ।

२. लघु, घरेलु तथा साना उद्योगको विकासका लागि दर्ता, नबिकरण, क्षमता वृद्धि, पुँजी वृद्धि लगायतका कार्यहरुलाई प्राथमिकतामा राखी सहजीकरण गरिनेछ।

३. व्यवसाय दर्ता, नवीकरण तथा खारेजीको सहज ब्यबस्था मिलाइनेछ।

४. गाउँपालिकाभित्र संचालनमा रहेका उद्योग, व्यापार, ब्यबसाय तथा प्रतिष्ठानहरुको तथ्यांक संकलन गरि प्रभाबकारी बजार अनुगमनको ब्यबस्था मिलाइनेछ।

५. गाउँपालिका भित्रका महिला, बिपन्न दलित, अल्पसंख्यक तथा बेरोजगार युवाहरुलाई लक्षित गरि सिपमुलक रोजगारी सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ।

६. गाउँपालिका तथा मातहतका कार्यालयहरुमा प्रयोग हुने सामानहरुलाई स्थानीय स्तरमा उपलब्ध हुन अवस्थामा स्थानीय उद्योगबाट नै खरिद गरेर प्रयोग गरिने नीति अवलम्बन गरिनेछ।

ङ) प्रधानमन्त्री रोजगार कार्यक्रम

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार, स्वरोजगार, बेरोजगार, दक्ष तथा अदक्ष गाउँवासीहरुको तथ्यांक संकलन गरि प्रोफाइल निर्माण गरिनेछ।

२. गाउँपालिकाभित्र बसोबास गर्ने बेरोजगार जनशक्तिहरुको सूचिकृत गरि प्रतिव्यक्ति १०० दिनको रोजगारी सुनिश्चित गरिनेछ।

३. व्यक्तिगत श्रम स्वीकृति तथा पुन: श्रम स्वीकृति कार्यलाई प्रभावकारी रुपमा संचालनमा ल्याईनेछ।

४. "श्रमको सम्मान राष्ट्रको अभियान" कार्यक्रमलाई पालिकाभर संचालन गरिनेछ।

५. बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई उनीहरुको सिप र क्षमताको आधारमा स्थानीय स्तरमा स्वरोजगार बनाउने नीतिलाई निरन्तरता दिईनेछ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप ब्यबस्थित र प्रभावकारी रुपमा संचालन गर्ने प्रबन्ध मिलाइनेछ।

च) संस्कृति प्रबर्द्धन

१. स्थानीय पाठ्यक्रम अनुरुप पठनपाठन सुरु भएका बिद्यालयहरुलाई सोहि बमोजिम कम्तिमा १ देखि ३ कक्षासम्मको पाठ्यपुस्तक उपलब्ध गराइनेछ।

२. "कोसेली घर" निर्माण गरि तामाङ संस्कृति र उत्पादनलाई प्रबर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।

३. धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरुको प्रबर्द्धनको लागि सामाजिक नक्सा निर्माण गरि गाउँपालिकाको प्रवेशद्वार तथा अन्य मुख्य स्थानहरुमा राखीनेछ ।

४. मन्दिर, गुम्बा, चर्च, मस्जिद जस्ता धार्मिक क्षेत्रको पूर्वाधार निर्माण तथा अन्य ब्यबस्थापनका लागि २५% जनश्रमदानको नीतिलाई निरन्तरता दिईनेछ ।

५. लोपोन्मुख रैथाने प्रबिधि प्रबर्द्धनका लागि बाह्रै मास संचालनमा रहेका पानी घट्टहरुको संरक्षण एवं स्तरोन्नति गरिनेछ ।

## ११.सामाजिक बिकास

क) शिक्षा

१. नि:शुल्क तथा अनिबार्य बाल तथा आधारभूत शिक्षालाई सबै बालबालिकाहरुको पहुँचमा पुर्याउन विद्यार्थी भर्ना कार्यक्रमलाई बिगत झैं अभियानको रुपमा संचालन गरि बिद्यालय शिक्षामा सबैको पहुँच स्थापित गरिनेछ ।

२. हाल बच्छला देवी मा.वि.मा संचालन रहेको प्लेग्रुप अवधारणालाई अन्य माध्यमिक बिद्यालयहरुमा पनि संचालन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

३. आन्तरिक स्रोत तथा दरवन्दी कम भएका विद्यालयहरुमा आवश्यकता र औचित्यतताको आधारमा स्वयंसेवक शिक्षक व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

४. विद्यार्थीहरुमा नैतिकता, सदाचार, सहिष्णुता, आचरण, अनुशासन, संस्कार विकासका लागि प्रत्येक बुधवारको दिन आफ्नो मौलिक तथा सांस्कृतिक पोशाक लगाउने कार्यलाई प्रोत्साहन गरि सुसुप्त पाठ्यक्रम (HIDDEN CURRICULUM) विकास गर्ने नीति लिईनेछ ।

५. बालबालिकाहरुको मनोविज्ञानलाई आकर्षण गर्न प्रत्येक बिद्यालयमा "विद्यालय फुलबारी" कार्यक्रम लागु गरिनेछ ।

६. महिला शिक्षकको प्रजनन अधिकार सुरक्षित राख्न प्रसुती बिदामा बसेका शिक्षकको सट्टामा, सट्टा शिक्षकको व्यवस्था मिलाई शिक्षण सिकाईको क्षति न्युनिकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७. भौगोलिक वनावट, शिक्षक-विद्यार्थी अनुपात र आवश्यकता एवम् औचित्यतताको आधारमा विद्यालयहरु Merge & Upgrade को नीति अबलम्बन गरिनेछ ।

८. गाउँपालिका अन्तर्गत संचालित "एक घर एक स्नातक कार्यक्रम"लाई निरन्तरता दिने तथा बच्छलादेवी मा.वि.मा नै स्नातक अध्ययनरत विद्यार्थीहरुलाई नि:शुल्क पढाईको ब्यबस्था गरिनेछ।

९. विद्यालय शिक्षाको आधारस्तम्भको रूपमा रहेको वाल विकास केन्द्रको कक्षाकोठा व्यवस्थापन तथा वालमैत्री वातावरणको निर्माण गरिनेछ।

१०. सामुदायिक बिद्यालयमा कार्यरत शिक्षक तथा अन्य कर्मचारीहरुलाई सेवाप्रति थप उत्प्रेरित गराउन समय सापेक्ष प्रोत्साहनको ब्यबस्था गरिनेछ ।

११. पालिकासँग सवै सामुदायिक विद्यालयका प्र.अ.हरूको र प्र.अहरूसँग अन्य शिक्षकहरूको कार्यसम्पादन सम्झौता (PERFORMANCE CONTRACT) गराई विद्यालयको समग्र शैक्षिक गुणस्तर सुधार र प्रशासनीक कार्य सम्पादनमा चुस्तता ल्याईनेछ।

१२. पालिकामा एक "नमुना बिद्यालय वा प्राविधिक धारको विद्यालय" विकास तथा सञ्चालनका लागि संघ तथा प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ ।

१३. "हामी सबैको ईच्छा गुणस्तरीय शिक्षा" भन्ने नाराका साथ बिज्ञान तथा प्राबिधिक बिषय अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४. बिद्यालयको अनुगमन तथा निरीक्षणलाई बस्तुगत बनाउन बिज्ञ सहितको एकिकृत समुह सुपरीवेक्षण (TEAM SUPERVISION) को नीति अवलम्बन गरिनेछ ।

१५. विद्यालयमा हाल रहेको कक्षागत, बिषयगत, तहगत सिकाइ र समग्र विद्यालयको सिकाई उपलब्धिलाई कम्तिमा पनि बार्षिक ५ प्रतिशतका दरले वृद्धि गर्ने गरि शैक्षिक गुणस्तर सुधार योजना तयार गरि कार्यन्वयन गर्ने साथै प्रत्येक कक्षाका

विद्यार्थिहरूलाई उनीहरूको सिकाइ उपलब्धि प्राप्तिको लक्ष्य निर्धारण गर्न लगाई प्रतिवद्धता पूरा गर्नको लागि सक्रिय सिकाइमा जोड दिइनेछ।

१६. तहगत रूपमा उत्कृष्ठ शिक्षक तथा विद्यार्थी सम्मान कार्यक्रमलाई पुन: निरन्तरता दिईनेछ।

१७. स्थानीय सामग्री प्रयोग गरी Low Cost No Cost को अवधारणा अनुरुप शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन गरिनेछ।

१८. गाउँपालिका क्षेत्रभित्र बहुकक्षा बहुस्तर सिकाइ पद्धति Multi Grade Multi Level Learning Method को नीति लिईनेछ।

१९. पालिकाभित्रका सम्पूर्ण विद्यालयहरूमा विद्युतीय हाजिर प्रणाली (E-Attendance System) को व्यवस्था गरिनेछ।

२०. पालिकास्तरमा सुविधा सम्पन्न एक नमूना वालविकास केन्द्र (Model Child Development Center) स्थापना गरिनेछ।

२१. सामुदायिक पुस्तकालयको सम्भाव्यता अध्ययन गरि पालिकास्तरमा एक सामुदायिक पुस्तकालयको स्थापना गरिनेछ।

ख) लैङ्गिक समानता र सामाजिक समावेशीकरण

१. ज्येष्ठ नागरिक हेरचाह तथा फरक क्षमता भएका व्यक्तिहरुको केन्द्र (Old Age and Differently Abled Caring Center) निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

२. अपाङ्गता भएका व्यक्तिहरूलाई औषधि उपचार तथा समुदायमा आधारित पुनर्स्थापना कार्यका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

३. सामाजिक सुरक्षा भत्तालाई बैंकसंगको सहकार्यमा अनिवार्य रुपमा वडास्तरबाट वितरण हुने व्यवस्था मिलाइनेछ।

४. महिला, दलित, अल्पसंख्यक, आर्थिक तथा सामाजिक रुपले बिपन्न र फरक क्षमता भएका व्यक्तिहरुको सशक्तिकरणको लागि आवश्यक तालिम तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

५. आमा समूह तथा महिला समुहहरुलाई सिप विकास तथा व्यवसायिक तालिमको माध्यमबाट आय आर्जनमुलक कार्यमा जोडिनेछ।

६. महिला, दलित, अल्पसंख्यक, आर्थिक तथा सामाजिक रुपले बिपन्न र फरक क्षमता भएका व्यक्तिहरुलाई CTEVT बाट दिईने छोटो समयको स्वरोजगार तालिममा आवश्यकता र औचित्यतताको आधारमा पठाउने व्यवस्था गरिनेछ।

७. लैङ्गिक हिंसा, शोषण, मानव बेचबिखन, विभेद, लागुऔषध दुर्व्यसनी, बेचबिखन तथा दुर्व्यबहार बिरुद्ध शुन्य सहनशीलताको (Zero Tolerance) नीति अवलम्वन गरिनेछ।

८. बालअधिकार र बालसंरक्षणलाई सुनिश्चित गर्न बालक्लब र बाल संजालहरुको गठन तथा प्रशिक्षणको ब्यबस्था गरि पालिकालाई बालमैत्री पालिका घोषणा गर्ने नीति अवलम्बन गरिनेछ।

९. दलित बर्गले अपनाउदै आएको पेशालाइ थप मर्यादित, ब्यबस्थित तथा प्रभाबकारी बनाउन पेशासंग सम्बन्धित क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

१०. बाबुआमा बिहिन, द्वन्द्वपिडित, शहिद तथा बेपत्ता परिवारका बालबालिका संरक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

११. बालबिबाह अन्त्यका लागि सामुदायिक परिचालन कार्यक्रम संचालन गरि बालबिबाह मुक्त गाउँपालिका निर्माण गरिनेछ।

१२. फरक क्षमता भएका व्यक्तिहरुको लागि अपाङ्गमैत्री पुर्बाधार निर्माणमा जोड दिईनेछ।

१३. हिंसापिडित महिला तथा बालबालिकाहरुको लागि मनोसामाजिक मनोपरामर्शजन्य कार्यक्रम मार्फत हिंसारहित पालिका निर्माणमा जोड दिईनेछ।

१४. गाउँपालिकालाई लैङ्गिकमैत्री गाउँपालिकाको रुपमा स्थापित गरिनेछ।

ग) युवा तथा खेलकुद

१. अन्तर बिद्यालय, अन्तर वडा तथा अन्तर पालिका स्तरीय खेलकुद प्रतियोगिताहरु संचालन गरिनेछ।

२. युवामा प्रबिधि एबम परम्परागत सिपको आधुनिकीकरण गरि पेशाको व्यवसायीकरण गर्ने र स्वरोजगार मुलक कार्यमा सहुलियत लगानी र ब्याज अनुदान प्रदान गरिनेछ।

३. खेलकुद क्षेत्रमा सम्भावनायुक्त खेलाडीहरुलाई राष्ट्रिय प्रतिस्पर्धामा खेल्न सक्ने खेलाडीको रुपमा रुपान्तरण गर्न प्रोत्साहन गरिनेछ।

४. गाउँपालिकाभित्र PARK GYMNASIUM (पार्क जिम्नासियम) को सम्भाव्यता अध्ययन गरि आवश्यक कार्य अगाडी बढाईनेछ।

५. युवा लक्षित लोकसेवा, शिक्षकसेवा तयारी कक्षाका लागि आवश्यकता र औचित्यताको आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ।

घ) स्वास्थ्य

१. गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार निर्माण तथा मर्मत कार्यलाई निरन्तरता दिई स्तरोन्नति गरिनेछ।

२. "हाम्रो पहिलो घर पाठेघर" भन्ने मुल नाराका साथ पाठेघरको समस्या भएका महिलाहरुलाई लक्षित गरि वडागत रूपमा नि:शुल्क शिविर चलाईनेछ।

३. परम्परागत झारफुक गर्ने स्थानीय व्यक्तिहरूलाई लक्षित गरि स्वास्थ्य सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ।

४. नेपाल सरकारबाट नि:शुल्क बितरण गरिने औषधिहरु सबै गाउँवासीको सहज पहुँचमा पुर्याईनेछ।

५. गाउँपालिका भित्रका दलित समुदायलाई स्वास्थ्य उपचारको सहज पहुँच स्थापित गर्न नि:शुल्क स्वास्थ्य बिमा कार्यक्रम संचालन गरि स्वास्थ्य बिमा कार्यक्रमलाई प्रबर्द्धन गरिनेछ।

६. गाउँपालिकामा संचालनमा रहेको एम्बुलेन्स सेवालाई पालिकाभित्र नि:शुल्क तथा पालिका बाहिर इन्धन खर्च मात्र व्यहोर्ने गरि सहज पहुँचको ब्यबस्था मिलाईनेछ।

७. महामारी तथा सरुवा रोग नियन्त्रण तथा रोकथामका लागि उचित ब्यबस्था मिलाईनेछ।

८. स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई कार्य प्रकृतिको आधारमा क्षमता विकास तालिम संचालन गरि सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ।

९. अपाङ्ग तथा ज्येष्ठ नागरिकको स्वास्थ्य परिक्षण शिविरलाई घरघरमा पुर्याईनेछ।

१०. विद्यालय स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिदै बालबालिकाहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने तथा विद्यालयहरुमा प्राथमिक उपचारका लागि आवश्यक सामाग्री लगायत तालिमको व्यवस्था मिलाईनेछ।

११. पालिकास्तरमा सुविधासम्पन्न एक प्रसुती गृह (Model Birthing Center) स्थापना गरि संचालनमा ल्याईनेछ।

१२. नियमित स्वास्थ्य परिक्षणका लागि सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

१३. पालिकाभित्र संचालित सबै माद्यामिक तहका विद्यालयहरुमा विद्यालय नर्सको ब्यबस्थापन गर्न प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ।

१४. पालिकाभित्र संचालित स्वास्थ्य क्लिनिक, मेडिकल तथा एग्रोभेटहरुको गुणस्तर सुधारको लागि नियमानुसार अनिवार्य दर्ता तथा नविकरण गर्नुपर्ने नीति अवलम्बन गरिनेछ।

१५. गाउँपालिका अन्तर्गत संचालनमा रहेको नागरिक आरोग्य केन्द्रबाट प्रदान भईरहेको आयुर्वेदिक स्वास्थ्य सेवालाई पहुँच विस्तार गर्न भौतिक पूर्वाधार निर्माण गर्नको लागि आवश्यक पहल गरि थप सुदृढ गराईनेछ।

## १२.पूर्वाधार विकास

क) भवन तथा शहरी विकास

१. गाउँपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालयहरूको बाँकि Furnishing तथा घेराबारको काम सम्पन्न गरिनेछ ।

२. भवन निर्माण मापदण्डलाई पूर्णरुपमा कार्यान्वयन गरि घरको नक्सा पास तथा अभिलेखिकरण कार्यलाई डिजिटाइजेसन गर्न EBPS System प्रयोगमा ल्याईनेछ ।

३. ऐतिहासिक तथा पुरातात्विक महत्वका सांस्कृतिक **सम्पदाहरुको संरक्षण, प्रबर्द्धन र पुन:निर्माणका** लागि प्रदेश तथा संघिय सरकारसंग आर्थिक सहयोगका लागि पहल गरिनेछ ।

**४.** **"बस्ती बचाऊ अभियान"** संचालन गरि बर्खाको पानीलाई बस्तिमा पस्न नदिन उचित ब्यबस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

५. भौतिक संरचनाहरुको **डिजिटल नक्सांकन (Digital Profiling)** कार्यलाई प्रारम्भ गरिनेछ।

६. सरकारी तथा संस्थागत भवनहरू निर्माण गर्दा **“Climate Resistant Structure”** को अवधारणलाई प्रयोग गरिनेछ।

७. गाउँपालिकाभित्रका गाउँगौरबका आयोजनाहरुलाई निरन्तरता दिईनेछ।

ख) <u>खानेपानी तथा सरसफाई</u>

१. पूर्ण सरसफाई उन्मुख गाउँपालिका निर्माणका लागि खानेपानी तथा सरसफाई उपशाखाको ब्यबस्था गरि यथोचित कार्यक्रम संचालन गरिनेछ।

२. **“एक घर एक धारा” नीति**लाई निरन्तरता दिंदै खानेपानी ब्यबस्थापन समितिको गठन गरि मिटर जडान मार्फत महसुल संकलन तथा मर्मत संम्भारको लागि उक्त समितिलाई नै जिम्मेवार बनाईनेछ।

३. यस गाउँपालिका भित्र रहेका खानेपानीका मुहान पहिचान गरी **पानीको स्वच्छता परिक्षण** गरी सोको उचित संरक्षण गरिनेछ ।

४. सरसफाई तथा स्वच्छता प्रबर्द्धनका लागि संघीय विशेष अनुदानबाट प्राप्त हुन आएको बजेटलाई गाउँपालिकाको **खानेपानी तथा सरसफाई गुरुयोजना** (WASH MASTER PLAN) अनुरूप कार्यन्वयन गरिनेछ ।

५. **खानेपानी संरचना मर्मतको** लागि मर्मत सम्भार कोषको ब्यबस्थालाई निरन्तरता दिईनेछ ।

६. गाउँपालिकामा रहेको मुहानहरुलाई सार्वजनिकीकरण गर्न सुचिकृत गर्ने कार्यलाई अगाडी बढाइनेछ।

७. खानेपानी मुहान दर्ता कार्यलाई निरन्तता दिँदै मुहानको GIS नक्सा बनाई अभिलेखिकरण गरिनेछ।

८. गाउँपालिकाको फोहोरमैला ब्यबस्थापनका लागि फोहोर संकलन, प्रशोधन, पुन:उपयोग र बिसर्जन बिधि अबलम्बन गरि पूर्ण सरसफाई उन्मुख गाउँपालिका निर्माण कार्यको थालनी गरिनेछ।

९. गाउँपालिकाको विभिन्न स्थानहरुमा आवश्यकता र औचित्यताका आधारमा सार्वजनिक शौचालय निर्माण गरि प्रयोगमा ल्याइने ब्यबस्था मिलाइनेछ।

ग) <u>उर्जा, बैकल्पिक उर्जा</u>

१. **“उज्यालो खनियाबास”** नीति अनुरूप मुख्य सडक, चोक तथा सरकारी कार्यालयहरुमा सौर्य बत्ति जडान कार्यलाई निरन्तरता दिईनेछ ।

२. **"Mission Khaniyabas, Vision 2050"** अनुरुप बैकल्पिक ऊर्जा प्रबर्द्धनका लागि सम्भाव्यता अध्ययन गरि गाउँपालिकाको समग्र विकास र आर्थिक समृद्धिलाई जोड दिन दातृनिकाय, प्रदेश सरकार तथा संघिय सरकारसंग आवश्यक समन्वय गरिनेछ ।

३. बिद्युत प्रसारणका नाङ्गो तारहरूलाई विस्थापित गरि सम्भाब्य जोखिम कम गर्न तथा सडक विस्तारको लागि बाधक बनेको विद्युतीय पोलहरूको स्थानान्तरण गर्न नेपाल विद्युत प्राधिकरणसंग आवश्यक पहल गरिनेछ ।

४. **बैकल्पिक ऊर्जा प्रबर्द्धन** गर्न जनचेतना मूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

घ) <u>सिंचाई</u>

१. FARMER MANAGE IRRIGATION SYSTEM (FMIS) को मोडलमा सिंचाई आयोजना निर्माण गरि सो को मर्मत सम्भार तथा संचालनका लागि कृषक स्वयंलाई जिम्मेवार बनाइनेछ ।

२. पानीको श्रोत कम भएका स्थानहरुमा Ground recharge point निर्माण, प्लास्टिक पोखरी निर्माण तथा थोपा सिंचाई प्रबिधिबाट सिंचाईलाई निरन्तरता दिईनेछ ।

३. गाउँपालिकाभित्र सिंचाईको पहुँच नपुगेका स्थानहरुमा **लिफ्टिङ सिंचाई प्रणाली**को निर्माणका लागि प्रदेश तथा संघिय सरकारसंग आर्थिक सहयोगका लागि यथोचित पहल गरिनेछ।

ङ) <u>सडक, पुल तथा झोलुङ्गे पुल</u>

१. विकासको मुख्य पूर्वाधारको रूपमा रहेको सडक सञ्जाललाई विस्तार तथा स्तरोन्नति गरी सहज आवागमन, आन्तरिक आर्थिक गतिबिधि विस्तार, ग्रामिण उत्पादनलाई बजारसम्मको सहज पहुँच सुनिश्चित गर्न, व्यापार सहजिकरण गर्न सुबिधायुक्त र सुरक्षित **सडक पूर्वाधार निर्माणमा जोड** दिईनेछ।

२. सम्पन्न भएका योजनाहरूमा दिगोपना ल्याउन **मर्मत संभार कोषको** उपयोग गरी सम्बन्धित योजनाको मर्मत गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

३. विकास निर्माणका योजनाहरूको गुणस्तर कायम गर्न ल्याब परिक्षणको व्यवस्थालाई कडाईका साथ कार्यन्वयन गरिनेछ।

४. “**आफ्नो गाउँ आफै बनाऔं**”को नीति अनुशरण गर्दै कम लागतमा बढि जनसंख्या लाभान्वित हुने तथा प्रत्यक्ष रोजगारी सिर्जना हुने किसिका **श्रममुलक योजनाहरू (१००% जनसहभागिता)** सञ्चालनलाई प्राथमिकता दिईनेछ।

५. गाउँपालिकाको सडकहरूलाई “All weather Road” बनाउनको लागि सडक हेरालु तथा मर्मत संभारका कार्यहरूलाई निरन्तरता दिईनेछ।
६. **ग्रामिण यातायात गुरुयोजना (RTMP)** पूर्णरुपमा कार्यन्वयनमा ल्याउन नीति तथा कार्यक्रमलाई बजेटसंग आवद्ध गरिनेछ।
७. गुणस्तरीय कार्य प्रगतिको लागि आयोजना तह कार्यक्रमहरुको बिस्तृत कार्यन्वयन योजना तथा अनुगमन कार्ययोजना तयार गरि कार्यान्वयन गरिनेछ ।
८. खनियाबास गाउँपालिकाको **मम्बल खोला, र किम्ताङफेदि स्थित किम्ताङ खोलामा पक्कीपुल निर्माण**को कार्यलाई मुख्य प्राथमिकतामा राखि आवश्यक पहल गरिनेछ।
९. खनियाबास गा.पा. वडा नं.०५ नङ्सरि गुगपबाट थम्बू खोलामा म्यगङ गा.पा. वडा नं.०४ चाम्नगु पक्कि पुल निर्माणका लागि पहल गरिनेछ।
१०. खनियाबास गाउँपालिका वडा नं.०५ माथिल्लो नङ्सरी छेलेम लङटु देखि म्यगङ ४ धार्ने बु जोड्ने झोलुंगे पुल निर्माणको लागि आवश्यक पहल गरिनेछ।
११. डीस्योङ बाम्रङ झोलुंगे पुल निर्माण निरन्तरताको लागि आवश्यक पहल गरिनेछ।
१२. अक्थली देखि छयाजगङ जोड्ने झोलुंगे पुल निर्माणका लागि आवश्यक पहल गरिनेछ।
१३. सडक निर्माणमा दिगोपना ल्याउनका लागि ठुला योजनाहरूमा **बायोइन्जिनियरिङ, साइड ड्रेन निर्माण, वृक्षारोपण** जस्ता कार्यक्रम अनिवार्य गरिनेछ र सडकलाई क्रमश: वातावरण मैत्री बनाउदै लगिनेछ।
१४. गाउँपालिकाको केन्द्रदेखि वडा कार्यालय जोड्ने सडकलाई **पक्की सडकमा** रुपान्तरण गर्न क्रमागत रुपमा बजेटको व्यवस्था गरिनेछ ।
१५. देशको राष्ट्रिय नीति र गाउँपालिकाको भू-बनोट अनुरुप गाँउपालिकाभित्र पक्कि सडक निर्माण गर्दा RIGID PAVEMENT **(रिजिड पेभमेन्ट)** को अवधारणालाई प्राथमिकतामा राखिनेछ ।
१६. वातावरण संरक्षण ऐन तथा नियमावलीको प्रावधान बमोजिम योजनाहरूको DPR **गर्दा प्रारम्भिक वातारणिय मूल्यांकन (IEE) वा वातारणिय प्रभाव मूल्यांकन (EIA)** अनिवार्य गरिनेछ ।
१७. मानेचौतारा चौकीटोल गोदाम बृचेत सडक र किम्ताङफेदी रातमाटे सडक स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
१८. गाउँगौरबको आयोजनाको रुपमा रहेको **खनियाबास दामन पाख्रिन रिङरोड**लाई स्तरोन्नति गरि उच्च स्तरको ग्रावेल गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
१९. **आधारभूत सेवाको पहुँच आधा घण्टाको फेरोमा** ल्याउने राष्ट्रिय नीति अनुरूप नयाँ झोलुंगे पुलको माग गरि कार्यान्वयन प्रकियालाई निरन्तरता दिईनेछ साथै पुराना झोलुंगे पुलहरुको मर्मत गरि सञ्चालनमा ल्याईनेछ।
२०. सडकसँग नजोडिएका घरधुरीहरूलाई सडक सञ्जालसँग जोड्न प्रधानमन्त्री रोजगार कार्यक्रमको **“कामका लागी प्रारिश्रमिक" (Cash for Work)** नीति अनुरूप गोरेटो बाटोहरू निर्माण गरिनेछ।
२१. गाउँपालिका भित्र उपभोक्ता समिति मार्फत संचालन हुने योजनाको अधिकतम सिमा ६० लाख निर्धारण गरि सो भन्दा माथिका सम्पूर्ण योजनाहरु अनिवार्य रुपमा ठेक्का (E-bid) मार्फत संचालन गरिनेछ।
२२. वडा नं.०५ बाट बच्छला-दार्खा माझ गाउँ-सिंगाङ-छयाजागाङ-छापच्येत नयाँ ट्र्याक निर्माणको लागि संघ तथा प्रदेशमा योजना मागको पहल गरिनेछ।
२३. पर्थो देखि निमल्च्येत सम्म पक्कि सडक निर्माणको लागि बहुवर्षीय आयोजनाको रुपमा अगाडी बढाइनेछ।
२४. मम्बल गोरगङ बृचेत कुरी अक्थली क्युङ ग्रामिण सडक स्तरोन्नति निरन्तरताको लागि पहल गरिनेछ।

## १३. वातावरण तथा विपद् व्यवस्थापन आ.व. २०८०/०८१

१. गाउँपालिकाभित्र पूर्वाधार विकास लगायतका कामहरुको निर्माण कार्य थालनी गर्दा वातावरण तथा विपद् जोखिमको न्यूनीकरण गर्ने नीतिलाई यसै आ.व. देखि लागु गरिनेछ।
२. वन जंगल, वन्यजन्तु, ढुंगा, गिट्टी, बालुवा, नदी, खोला, खानेपानीको मुहान, खानी जस्ता प्राकृतिक श्रोतहरुको पहिचान र उचित व्यवस्थापन गरी प्रकृतिजन्य सम्पदालाई दिगो विकासको सिद्वान्त अनुकूल बनाईने नीति अवलम्बन गरिनेछ।
३. वातावरण स्वच्छता कायम गर्न सडक किनार, विद्यालय परिसर र नदीको तटीय क्षेत्रमा भएका वनस्पतिहरुको संरक्षण गर्दै हरियाली कार्यक्रम संचालन गरिनेछ साथै भू-संरक्षण एवं पहिरो नियन्त्रणको लागि वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४. वन संरक्षण, व्यवस्थापन, दिगो उपभोग र स्वच्छ वातावरणका लागि समुदायमा आधारित सामुदायिक वन, निजी वन र कबुलियती वन व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरिनेछ । जैविक विविधताको संरक्षण, वातावरण ब्यबस्थापन र जीविकोपार्जनका कार्यक्रमहरु प्रभावकारी ढंगले संचालन गरिनेछ ।

५. बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेका धार्ना, केराबारी, गडुगङ, मैनानेन, मेयम, सानीगङ, नागछल्युङ लगायतका बस्ती, घर वा संरचनाको भू-गर्भविधहरुको विज्ञ टोलीद्वारा थप अध्ययन र अनुसन्धान गरी त्यस्ता संरचनालाई उचित स्थानमा स्थानान्तरण नमूना बस्ती निर्माणको लागि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

६. हाल विश्वव्यापी रुपमा बढ्दै गएको Climate Change & Global Warming को समस्यालाई मध्यनजर गर्दै गाउँपालिका भित्र रहेका सिमसार क्षेत्र, खानेपानीका मुहान, कुवा लगायत जलाधारका क्षेत्रहरुको पहिचान गरि त्यस्ता क्षेत्रहरुलाई आवश्यक संरक्षण तथा व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

७. माटो, ढुंगा, गिट्टी, बालुवा लगायत अन्य खानी तथा खनिजजन्य उद्योगहरुलाई मानव बस्ती, विद्यालय, अस्पताल, वन जंगल तथा अन्य सार्वजनिक स्थलहरुलाई असर नपर्ने गरी IEE तथा EIA पश्चात मात्र संचालनको अनुमति प्रदान गर्न आवश्यक कानुन बनाई कार्यान्वयनमा ल्याईनेछ ।

८. उच्च जोखिममा रहेका क्षेत्र लक्षित समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यक्रम संचालन गरि विपद् उत्थानशील समुदाय निर्माणमा जोड दिईनेछ ।

९. गाउँपालिका तथा वडा कार्यालयहरुको नवनिर्मित भवनहरु तथा गाउँपालिकामा रहेका चट्याङ जोखिम क्षेत्रहरुमा **"चट्याङ प्रतिरोध प्रणाली"** निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाईनेछ ।

१०. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा संघ, प्रदेश, निजी क्षेत्र, गैहसरकारी संघसंस्था तथा अन्य नागरिक समाजसंग आवश्यक सहयोग र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

११. प्राकृतिक प्रकोपबाट प्रभावित भएका व्यक्ति तथा परिवारलाई उद्धार, राहत, पुनःनिर्माण तथा पुनर्स्थापनाका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

१२. विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना, २०८० अनुरुप जोखिम न्यूनीकरण कार्ययोजना तयार गरी लागु गरिनेछ । साथै विपद् उद्धारकर्ताको लगत संकलन गरि उक्त जनशक्तिलाई आवश्यक तालिमको समेत व्यवस्थापन गरिनेछ ।

१३. विपद् व्यवस्थापन गरि सम्भावित जोखिमको न्यूनीकरण गर्न गाउँपालिकामा रहेको विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिईनेछ ।

१४. विपद् तथा महामारी जस्ता प्राकृतिक प्रकोपलाई सबैको सहभागिता र सक्रियतामा व्यवस्थापन गर्न गाउँपालिका स्तरीय **"स्वयंसेवक बैंक"** स्थापना गरी संचालनमा ल्याईनेछ ।

१५. विपद् व्यवस्थापनलाई सुदृढीकरण गर्न विपद् सिकाई केन्द्रको स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

## १४.सुशासन तथा संस्थागत विकास

क) <u>सूचना, प्रबिधि तथा अभिलेख ब्यबस्थापन</u>

१. गाउँपालिकाका शाखाहरु तथा मातहतका कार्यालयहरु बीच संचारलाई सहज बनाउन VoIP Telephone को अवधारणा लागु गरिनेछ ।

२. गाउँपालिका तथा वडा कार्यालयमा सिफारिस, दर्ता/चलानी तथा हाजिरीलाई जस्ता प्रशासनिक कार्यलाई सफ्टवेयर मार्फत संचालन गरिनेछ ।

३. सुत्रमा आधारित रहेको राजश्व मोड्युललाई श्रावण १ बाटै पूर्ण रुपमा लागु गरिनेछ ।

४. गाउँपालिकामा रहेका अभिलेखहरुलाई डीजिटाइज्ड गरि गाउँपालिकाको सर्भर वा क्लाउडमा स्टोर गर्ने कार्यको सुरुवात गरिनेछ ।

५. गाउँपालिकाभित्र रहेका सबै आधारभूत विद्यालय तथा बाँकि स्वास्थ्य कार्यालयहरुलाई गाउँपालिकाले संचालनमा ल्याएको VLAN प्रणालीमा आबद्ध गराईनेछ ।

६. गाउँकार्यपालिका बैठकका निर्णयहरु, गाउँसभाको निर्णयहरु र ऐन, कानुन तथा कार्यविधिहरु गाउँपालिकाको वेबसाइट तथा सूचना पार्टीमा नियमित प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

७. गाउँपालिका तथा मातहतका वडा कार्यालय र अन्य सार्वजनिक स्थानमा लिमिटेड फ्री वाईफाई प्रणालीको सुरुवात गरिनेछ।

८. पब्लिक इन्टरनेटबाट गाउँपालिकाको डाटालाई सुरक्षित राख्न VPN प्रबिधिको प्रयोग गरिनेछ।

९. गाउँपालिकालाई आगामि ५ वर्षमा पेपरलेस बनाउने लक्ष्य लिई आवश्यक कार्यहरु संचालन गरिनेछ।

१०. खनियाबास गाउँपालिकाको नाम जोडी सार्वजनिक सरोकारका बिषयहरु उठान गर्ने सामाजिक संजाल प्रयोगकर्ताहरुलाई अनिवार्य रुपमा सूचीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

ख) सुशासन, मानव संसाधन, विकास र सेवाप्रवाह

१. नागरिक बडापत्रलाई समयानुसार अद्यावधिक गर्न तथा गतिशील बनाउन गाउँपालिका तथा वडा कार्यालयहरुमा डिजिटल बडापत्र र डिजिटल सूचनापार्टी राखिनेछ।

२. स्थायी तथा करारमा कार्यरत सबै कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकनको आधारमा दण्डित तथा पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।

३. गाउँपालिका तथा मातहतका कार्यालय र विद्यालयमा कार्यरत करार सेवाका कर्मचारी तथा शिक्षकहरुलाई नियमानुसार महंगी भत्ता उपलब्ध गराउन कानुन बनाई आवश्यक प्रक्रिया अगाडी बढाइनेछ।

४. खनियाबास गाउँपालिकाको ३ वर्षे क्षमता विकास कार्ययोजनालाई पूर्ण रुपमा कार्यन्वयन गरि अघिल्लो आ.व. मा जस्तै यस आर्थिक वर्षमा पनि कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

५. गाउँपालिकाबाट संचालन हुने अनुगमन तथा अन्य कार्यक्रमहरूलाइ बस्तिनष्ठ बनाउन MIMS प्रणालीलाई अद्याबधिक गरी निरन्तरता दिइनेछ।

६. गाउँपालिकाबाट हुने सेवा प्रबाहलाइ थप चुष्त एवं पारदर्शी बनाउन नियमित हुने गरेको सार्वजनिक सुनुवाई, गुनासो व्यबस्थापन तथा सामाजिक परिक्षणलाई निरन्तरता दिइनेछ।

७. स्थानीय तहको संस्थागत क्षमता स्व-मुल्यांकन कार्यबिधि बमोजिम अधिकतम उपलब्धि हासिल गर्न गाउँपालिकाबाट संचालन हुने कार्यहरूलाइ स्थानीय सरकार संचालन पात्रो संग तादम्यता मिलाइनेछ।

८. मध्यकालीन खर्च संरचनालाई अद्यावधिक गरि तथ्यांकमा आधारित र यथार्थपरक योजना तथा कार्यक्रम निर्माणमा जोड दिइनेछ।

९. गाउँपालिकास्तरीय सार्वजनिक सेवा केन्द्र निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

ग) सुरक्षा ब्यबस्थापन

१. गाउँपालिकाको मुख्य चोक तथा सार्वजनिक स्थानमा सोलार बत्ति जडान गर्ने कार्यलाई यस आ.व.मा पनि निरन्तरता दिईनेछ।

२. गाउँपालिकाको सुरक्षा चुनौतिलाइ मध्यनजर गरी गाउँपालिकाको सेवा प्रबाहलाइ थप चुष्त एवं प्रभाबकारी बनाउन गाउँ प्रहरी नियुक्तिको प्रक्रिया अगाडि बढाइनेछ।

३. अब्यबस्थित मदिरा बिक्रीले निम्त्याएको असुरक्षा तथा अशान्तिलाई न्यूनीकरण गर्न मदिरा बिक्रिलाई ब्यबस्थित बनाउने नीति अवलम्बन गरिनेछ।

४. गाउँपालिकामा अपराधका घटनालाई न्यूनीकरण गर्न इलाका प्रहरी कार्यालय तथा जिल्ला प्रहरी कार्यालयसंग समन्वय गरी आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ।

घ) न्याय सम्पादन

१. गाउँपालिकाको न्यायीक समितिको क्षमतालाई वृद्धि गर्न इजलास कक्षको ब्यबस्थापन गरी न्यायिक सहजकर्ता तथा मेलमिलाप कर्ताहरुलाई क्षमता विकास तालिमको ब्यबस्था गरिनेछ।

२. गाउँपालिकाको सम्पुर्ण वडाहरूमा स्थापना भएका सामुदयिक मेलमिलाप केन्द्रहरूको सुदृढिकरण गरि न्यायिक पहुचमा सहजता ल्याइनेछ।

३. वडाको मेलमिलाप केन्द्रमा परेका उजुरीहरूलाई सकेसम्म वडा स्तरमा नै निरुपण गर्ने
तथा न्यायिक समितिमा परेका उजुरीहरुलाई आफ्नो अधिकार क्षेत्र भित्र रही गाउँपालिकामा नै फछर्यौटको व्यबस्था मिलाइनेछ।

४. मेलमिलापकर्ताहरुलाई न्यायिक निरुपण गरे बापत दिईने प्रोत्साहन भत्तालाई यस आ.व.मा पनि निरन्तरता दिईनेछ।

ङ) अन्तिम लेखापरिक्षण तथा बेरुजु

१. गाउँपालिकामा विद्यमान रहेका बेरुजुहरुलाई नियमित तथा फछर्यौट गर्न बिज्ञको सहयोग लिई बेरुजु सम्परीक्षण कार्यलाई निरन्तरता दिईनेछ साथै असुल गर्नुपर्ने बेरुजुलाई सम्बन्धित व्यक्ति/पक्षबाट नियमानुसार असुल गर्न कार्यदल बनाइ कडाइका साथ कार्यप्रक्रिया अगाडी बढाइनेछ।

५. जनप्रतिनिधि तथा कर्मचारीहरुबाट समयमा पेश्की तथा बेरुजु फछर्यौट नभएमा सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीको तलबभत्ताबाट असुल उपर गर्ने व्यबस्था अबलम्बन गरिनेछ।

६. लेखा व्यबस्थापन तथा बेरुजु फछर्यौटको लागि सम्बन्धित कर्मचारी तथा जनप्रतिनिधिहरुलाई आवस्यक तालिमको व्यवस्था मिलाइनेछ।

च) लेखांकन तथा राजस्व परिचालन

१. कर तथा शुल्क दस्तुरको नयाँ क्षेत्र समेत पहिचान गरि करको दायरा फराकिलो बनाइनेछ।

२. संचित कोषमा संकलित राजस्वलाई आवश्यकता र औचित्यको आधारमा पूर्ण: मितव्ययिता अपनाई गाउँवासीको उच्चतम हितमा प्रयोग गरिनेछ।

३. राजस्व संकलन तथा करदाताको अभिलेख ब्यबस्थित गर्न डिजिटल बिलिङलाई निरन्तरता दिईनेछ।

४. करदातालाई कर तिर्न प्रोत्साहित गर्न कर शिक्षा संचालन गरी सबै भन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने नीति अबलम्बन गरिनेछ।

५. करमैत्री बातावरण निर्माणको लागि बजार अनुगमन लाई प्रभावकारी बनाइनेछ।

६. सम्बन्धित करदाताको सम्पती मुल्यांकन यथार्थपरक बनाउन घर र बाटोको डिजिटल नक्सांकन गरि नियमित अद्यावधिक गर्ने ब्यबस्था मिलाइनेछ।

७. सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्दतिलाई अनिवार्य गरिनेछ।

८. सम्पतिकरको विजकलाई सूचना प्रबिधिको माध्यमद्वारा करदातालाई अग्रिम रुपमा जानकारी गराउने पद्दतिको सुरुवात गरिनेछ।

९. सचेतनामुलक तथा प्रचारात्मक अभियानहरु संचालन गरि नक्सापास हुन बाँकी सबै घरलाई नक्सापासको दायरामा ल्याइनेछ।

छ) वित्तीय सुशासन तथा जोखिम न्यूनीकरण

१. वित्तीय सुशासन कायम गर्न आम्दानी र खर्चलाइ चुस्त, पारदर्शी र मितव्ययि बनाइनेछ।

२. खरिद समितिको थप क्षमता बृद्दि गरी खरिद प्रक्रियालाइ प्रतिष्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउदै लगिनेछ।

३. आर्थिक क्रियाकलापहरुको मासिक, चौमासिक र बार्षिक प्रगति प्रतिबेदनहरू सूचना पार्टी तथा वेबसाइट मार्फत प्रकाशित गरिनेछ।

४. तपसिल बमोजिमका कोषहरुलाई निरन्तरता दिईनेछ।

क) समपुरक कोष

ख) मर्मत सम्भार कोष

ग) वातावरण तथा विपद ब्यबस्थापन कोष

५. आन्तरिक लेखापरीक्षणको व्यबस्था गरी बेरूजु न्युनिकरणमा जोड दिइनेछ।

ज) सामाजिक परिक्षण

१. विषय बिज्ञहरुको सहयोगमा गाउँपालिका तथा मातहतका कार्यालयहरूको सेवा प्रबाह तथा आयोजना/कार्यक्रमहरुको नियमित सामाजिक परिक्षण कार्य संचालन गरिनेछ।

**१५.** अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रमको पुर्ण पाठ सबैले अध्ययन गर्न सहज पहुँच पुग्ने गरी गाउँपालिकाको वेभपेजमा राख्ने कुरा व्यक्त गर्दै, गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्नुहुन जनप्रतिनिधिहरू, कर्मचारीहरू लगायत सम्पुर्ण सरोकारवालाहरूलाई हार्दिक अपिल गर्दछु।

**गाउँपालिका अध्यक्ष**

## खण्ड – ०४
## बजेट वक्तब्य, २०८०

**आ.व. २०८०/०८१ को लागि गाउँपालिका उपाध्यक्षबाट प्रस्तुत बजेट वक्तब्य**

मिति: २०८०/०३/१०

**खनियाबास गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**दार्खा,धादिङ**

**बागमती प्रदेश,नेपाल**

सम्मानीत सभाका अध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँसभाका सदस्य ज्यूहरू,
कर्मचारी, सुरक्षाकर्मी एवं पत्रकार मित्रहरू ।

१. यस गरिमामय सभाको तेस्रो अधिबेसनमा गाउँपालिका उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।
२. यस महत्वपुर्ण अवसरमा मुलुकमा राष्ट्रिय एकता, सार्वभौमसत्ता, समानुपातिक समाबेशिता सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यबस्था स्थापना गर्न भएका जनआन्दोलन, जनयुद्द, मधेश आन्दोलन लगायत बिभिन्न परिवर्तनकारी आन्दोलनहरूमा आफ्नो जीवनको आहुति गर्नुहुने सम्पुर्ण ज्ञात/अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्दान्जली अर्पण गर्दछु । साथै शहिद तथा बेपत्ता परिवारप्रति उच्च सम्मान व्यक्त गर्दै बिभिन्न आन्दोलनहरूमा घाइते तथा अपाङ्ता भएका व्यक्तिहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।
३. नेपालको संबिधान र संघीयताले परिकल्पना गरेको व्यबस्थामा नागरिकको अवस्था बदल्नु आजको मुख्य आवस्यकता भएको कुरालाइ स्मरण गर्दै महत्वकांक्षी रूपमा बढ्दै गएको जनअपेक्षा तथा चाहनालाई प्राथमिकतामा राखि गाउँपालिका अध्यक्षबाट प्रस्तुत नीति तथा कार्यक्रमसंग तादम्यता हुने गरि यो वार्षिक बजेट तथा कार्यक्रम तयार पारेको छु ।
४. गाउँपालिकामा उपलब्ध सिमित साधन श्रोतले महत्वकाक्षी रूपमा बढ्दै गएको असिमित जनअपेक्षा तथा चाहनालाई सम्बोधन गर्नु आफैमा चुनौतिपुर्ण छ । तथापी गाउँबासीहरूको बर्तमान आवस्यकता र दीर्घकालिन सोचका साथ विज्ञ तथा सरोकारवालाहरूबाट प्राप्त सुझाबलाई मध्यनजर गरी दिगो बिकासको लक्ष्य अनुरूप भूगोल सुहाउदो प्रकृतिका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकतामा राखि प्रस्तुत बजेट तयार पारेको छु ।

सभाध्यक्ष महोदय,

अव म चालु आर्थिक वर्ष २०७९/८० को हालसम्मको प्रगति विवरण संक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु ।

५. चालु आ.व.२०७९/८० को लागि अ.ल्या भइ आउने बैंक मौज्दात तथा आन्तरिक आय समेत गरी कुल बजेट रू ४२ करोड ५७ लाख ६८ हजार संस्सोधित यथार्थ रहेकोमा हालसम्म भएको खर्चको बिबरण यसप्रकार रहेको छ ।

| **बजेट** | | **हालसम्म भएको खर्च** | **खर्च प्रतिसत** |
|---|---|---|---|
| चालु | २३ करोड २३ लाख ८० हजार | १७ करोड २९ लाख ८५ हजार | ७४.४४ |
| पुंजीगत | १९ करोड ३३ लाख ८८ हजार | १२ करोड ५८ लाख ३० हजार | ६५.०६ |
| जम्मा | ४२ करोड ५७ लाख ६८ हजार | २९ करोड ८८ लाख १५ हजार | ७०.१८ |

सभाध्यक्ष महोदय,

अव म आगामी आ.व. २०८०/८१ को अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु ।

६. गाउँपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसका आधारमा आगामी आर्थिक वर्ष २०८०/८१ को लागि कुल बजेट ४२ करोड ७७ लाख ९६ हजार २ सय ८० रूपैया प्रस्ताव गरेको छु ।

**उल्लेखित बजेट प्राप्त हुने स्रोतमा :-**

**संघीय सरकारतर्फ**

- समानिकरण अनुदान - ८ करोड ९७ लाख
- सर्शत अनुदान - ११ करोड ९५ लाख
- विशेष अनुदान - १ करोड १५ लाख
- समपुरक अनुदान - २ करोड
- राजश्व बाँडफाँड - ६ करोड ७६ लाख ८५ हजार ६ सय

**प्रदेश सरकारतर्फ**

- समानिकरण अनुदान - ८७ लाख ६९ हजार
- सर्शत अनुदान - २ करोड ३९ लाख ४ हजार
- विशेष अनुदान - १ करोड
- समपुरक अनुदान - २ करोड
- राजश्व बाँडफाँड - १ करोड ५ लाख ४७ हजार ६ सय ८०

**गाउँपालिकातर्फ**

- अनुमानित आन्तरिक आय (मालपोत समेत) - ५० लाख

७. दहत्तर बहत्तर शुल्क -१६ लाख

८. बैंक मौज्दात (अ.ल्या) - ३ करोड ७५ लाख

**अन्त्यमा**

९. प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा प्रकृयामा सहयोग गर्नुहुने गाउँपालिका अध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारी मित्रहरू लगायत अन्य प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने आम गाउँबासी बिद्वत बर्गहरूमा हार्दिक धन्यबाद सहितको आभार व्यक्त गर्दछु।

१०. सम्मानित सभाका सदस्यहरूको राय, सुझाव तथा प्रतिक्रियाहरूलाइ विशेष प्राथमिकताकामा राखि गाउँपालिकाको नाममा कुनै स्रोतबाट बजेट थप हुन आउने भएमा यसै बजेटको हिस्सा मानी बाँडफाँड गर्ने प्रतिबद्दता व्यक्त गर्दै यस गरिमामय गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रम र वार्षिक बजेट समग्र गाउँपालिकाको बिकासमा महत्वपुर्ण कोशेढुङ्गा बन्नेछ भन्ने विस्वासका साथ बिदा हुने अनुमती चाहन्छु, धन्यबाद नमस्कार ।।।

खण्ड – ०५

खनियाबास गाउँपालिकाको बिनियोजन बिधेयक, २०८०

# खनियाबास गाउँपालिकाको बिनियोजन बिधेयक,२०८०

प्रमाणीकरण मिति :- २०८०/०३/३१

**खनियाबास गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**दार्खा,धादिङ**

**बागमती प्रदेश,नेपाल**

# खनियाबास गाउँपालिकाको बिनियोजन बिधेयक,२०८०

सभाबाट प्रमाणीकरण मिति :- २०८०/०३/३१

**प्रस्तावना :**

आर्थिक वर्ष २०८०/८१ मा खनियाबास गाउँपालिकाको सेवा र कार्यहरूका लागि बिनियोजित खर्च शिर्षकहरूमा स्थानीय संचित कोषबाट रकम खर्च गर्ने अख्तियारी प्रदान गर्न बाञ्छनिय भएकाले, नेपालको संबिधान,२०७२ को धारा २२९(२) बमोजिम खनियाबास गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "खनियाबास गाउँपालिकाको बिनियोजन ऐन,२०८०" रहेको छ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) " गाउँसभा " भन्नाले खनियाबास गाउँपालिकाको गाउँसभालाइ सम्झनु पर्दछ।

(ख) " कार्यपालिका " भन्नाले खनियाबास गाउँपालिकाको गाउँ कार्यपालिकालाइ सम्झनु पर्दछ।

(ग) " वडा समिति " भन्नाले खनियाबास गाउँपालिकाको वडा कार्य समितिलाइ सम्झनु पर्दछ।

(घ) " विषयगत शाखा " भन्नाले खनियाबास गाउँपालिकाका अन्तरगतका बिभिन्न शाखा, सचिवालय तथा अन्य प्रशासनिक इकाई समेतलाइ सम्झनु पर्दछ।

(ङ) " संचित कोष " भन्नाले खनियाबास गाउँपालिकाको संचित कोषलाइ सम्झनु पर्दछ।

**३. आर्थिक वर्ष २०८०/८१ मा संचितकोषबाट रकम खर्च गर्ने सम्बन्धि व्यबस्था**

(१) आर्थिक वर्ष २०८०/८१ मा गाउँ कार्यपालिका, वडा समिति तथा बिषयगत शाखाले गर्ने सेवा र कार्यहरूका लागि अनुसूची -१ मा उल्लेख भए बमोजिम रू ४२,२१,९६,२८०- (रूपैया बयालिस करोड एक्काइस लाख छयानब्बे हजार दुइ सय असी मात्र) मा नबढाइ निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिने छ।

## ३. बिनियोजन सम्बन्धि व्यबस्था

(१) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ मा गाउँ कार्यपालिका, वडा समिति तथा बिषयगत शाखाले गर्ने सेवा र कार्यहरूका लागि विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा समिति तथा बिषयगत शाखाले गर्ने सेवा र कार्यहरूका लागि विनियोजन भएको रकम मध्य कुनै शिर्षकमा बचत हुने र कुनै शिर्षकमा अपुग हुने देखिएमा गाउँकार्यपालिकाले निर्णय गरि बचत हुने शिर्षकबाट अपुग हुने शिर्षकमा रकमान्तर गर्न सक्नेछ। यसरी रकमान्तर गर्दा एक शिर्षकबाट सो शिर्षकमा विनियोजन भएको जम्मा रकमको १० (दस) प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकबाट अर्को एक वा एक भन्दा बढि शिर्षकमा रकमान्तर गरी निकासा र खर्च जनाउनु पर्दछ। तर पूंजिगत खर्च शिर्षकमा बिनियोजित रकम अन्य चालु खर्च शिर्षकमा र चालु खर्च शिर्षकमा बिनियोजित रकम अन्य पूंजिगत खर्च शिर्षकमा रकमान्तर गर्न सकिने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकमा विनियोजन भएको जम्मा रकमको १० (दस) प्रतिशतमा भन्दा बढि रकम कुनै एक वा एक भन्दा बढि शिर्षकबाट अर्को एक वा एक भन्दा बढि शिर्षकमा रकमान्तर गर्नु परेमा अनिबार्य रूपमा गाउँसभाको स्वीकृती लिनु पर्नेछ।

# अनुसूची -१

(दफा ३ को उपदफा १ संग सम्बन्धित)

**१. आ.व. २०८०/८१ को लागि अनुमानित आय बिबरण :-**

| **क्र.सं.** | **शिर्षक** | **प्राप्तिको स्रोत** | **अनुमानित रकम** |
|---|---|---|---|
| १. | समानिकरण अनुदान | संघीय सरकार | ८९७००००००.०० |
| २. | सशर्त अनुदान | संघीय सरकार | ११९५००००००.०० |
| ३. | बिशेष अनुदान | संघीय सरकार | ११५००००००.०० |
| ४. | समपुरक अनुदान | संघीय सरकार | २००००००००.०० |
| ५. | राजश्व बाडफाड | संघीय सरकार | ६७६८५६००.०० |
| ६. | समानिकरण अनुदान | प्रदेश सरकार | ८७६९०००.०० |
| ७. | सशर्त अनुदान | प्रदेश सरकार | २०३९४०००.०० |
| ८. | बिशेष अनुदान | प्रदेश सरकार | १००००००००.०० |
| ९. | समपुरक अनुदान | प्रदेश सरकार | २००००००००.०० |
| १०. | राजश्व बाडफाड | प्रदेश सरकार | १०५४७६८०.०० |
| ११. | आन्तरिक आय | स्थानीय सरकार | ५००००००.०० |
| १२. | बिभाज्य कोष | स्थानीय सरकार | १६००००००.०० |
| १३. | आन्तरिक श्रोत मौज्दात | स्थानीय सरकार | ३७५००००००.०० |
| **जम्मा** | | | **४२२१९६२८०.००** |

**२. आ.व. २०८०/८१ को लागि क्षेत्रगत व्यय अनुमान :-**

| **क्र.सं.** | **क्षेत्रगत खर्च शिर्षक** | **बिनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|
| १. | संघीय सशर्त अनुदानको क्षेत्र | ११९५००००.०० | तोकिए बमोजिम |
| २. | संघीय बिशेष अनुदानको क्षेत्र | ११५०००००.०० | तोकिए बमोजिम |
| ३. | संघीय समपुरक अनुदानको क्षेत्र | ४०००००००.०० | तोकिए बमोजिम |
| ४. | प्रदेश सशर्त अनुदानको क्षेत्र | २०३९४०००.०० | तोकिए बमोजिम |
| ५. | प्रदेश बिशेष अनुदानको क्षेत्र | १००००००००.०० | तोकिए बमोजिम |
| ६. | प्रदेश समपुरक अनुदानको क्षेत्र | ४०००००००.०० | तोकिए बमोजिम |
| **७.** | **आर्थिक बिकासको क्षेत्र** | **१६३०००००.००** | |
| क. | कृषि | १५०००००.०० | |
| ख. | पशु | १००००००.०० | |
| ग. | परियोजना | ७००००००.०० | |
| घ. | सहकारी | ३०००००.०० | |
| ङ. | पर्यटन | १५०००००.०० | |
| च. | व्याज अनुदान (कार्यबिधि अनुसार) | ३००००००.०० | |
| छ. | उत्पादन बिक्रिमा अनुदान (कार्यबिधि अनुसार) | २००००००.०० | |
| **८.** | **सामाजिक बिकासको क्षेत्र** | **१५९०००००.००** | |
| क. | शिक्षा | १०५०००००.०० | |
| ख. | स्वास्थ्य | २५००००००.०० | |
| ग. | सरसरफाइ तथा स्वच्छता प्रर्बधन | ७०००००.०० | |
| घ. | संस्कृति प्रवर्द्धन | ५०००००.०० | |
| ङ. | महिला बालबालिका/लक्षित समुह कार्यक्रम | १००००००.०० | |
| च. | एम्बुलेन्स संचालन | ७०००००.०० | |
| **९.** | **पूर्वाधार बिकासको क्षेत्र** | **५६००००००.००** | |
| क. | पुर्बाधार निर्माण | ३४०००००००.०० | |
| ख. | कृषि बिज्ञान केन्द्र | ५०००००.०० | |
| ग. | मर्मत संभार कोष | १५०००००.०० | |
| घ. | खानेपानी तथा सिंचाइ | ५०००००.०० | |
| ङ. | उर्जा / बैकल्पिक उर्जा | १००००००.०० | |
| च. | बन तथा बातावरण | ५०००००.०० | |
| **१०.** | **वडागत सिलिङ (५ वडा)** | **१८००००००.००** | |
| क. | वडा नं. १ | ३५०००००.०० | |
| ख. | वडा नं. २ | ३५०००००.०० | |
| ग. | वडा नं. ३ | ३५०००००.०० | |
| घ. | वडा नं. ४ | ३५०००००.०० | |

| | | | |
|---|---|---|---|
| ङ. | वडा नं. ५ | ४०००००० .०० | |
| **११.** | **वातावरण तथा विपद व्यवस्थापन** | **२८००००० .००** | |
| क. | बन तथा भू-संरक्षण | १०००००० .०० | |
| ख. | विपद व्यवस्थापन कोष | १०००००० .०० | |
| ग. | सामुदायिक वन ब्यवस्थापन | ३००००० .०० | |
| घ. | खानेपानी सरसरफाइ तथा स्वच्छता (N-WASH) | ५००००० .०० | |
| **१२.** | **संस्थागत विकास तथा सेवा प्रवाह** | **५५०००००० .००** | |
| क. | कार्यालय सञ्चालन तथा कर्मचारी व्यबस्थापन | ५०००००००.०० | |
| ख. | शुशासन तथा संस्थागत बिकास | ५००००००.०० | |
| **१३.** | **दायित्व सार्ने** | **२५९९८११८.००** | |
| **१४.** | **EFT रद्द भएका तथा बिगत आ.व. मा साटिन बाँकी चेकहरू** | **३६०४१६२.००** | |
| **१५.** | **पालिकास्तरिय अन्य बजेट** | **५२००००० .००** | |
| **जम्मा बिनियोजन** | | **४२२१९६२८०.००** | |

३. आ.व. २०८०/८१ को लागि शिर्षकगत व्यय अनुमान :-

(क) कार्यालय संचालन तथा कर्मचारी व्यबस्थापन तर्फको व्यय अनुमान :-

| क्र.सं. | खर्च शिर्षक नं. | आयोजना/कार्यक्रमको नाम | बिनियोजित रकम | स्रोत (संघीय सरकार) | | स्रोत (प्रदेश सरकार) | | स्रोत (स्थानीय सरकार) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स. अनुदान | रा. बाँडफाँड | स. अनुदान | रा. बाँडफाँड | आ. मौज्दात | आ. श्रोत | बि. कोष |
| १ | | कर्मचारी पारिश्रमिक तथा अन्य सुबिधा | १२०००००००.०० | | १००००००००.०० | | २००००००.०० | | | |
| २ | | अन्य सेवा सुल्क - पारिश्रमिक करार कर्मचारी | १८००००००.०० | | १५००००००.०० | | ३००००००.०० | | | |
| ३ | | पदाधिकारी सेवा सुबिधा | ५००००००.०० | | ४००००००.०० | | १००००००.०० | | | |
| ४ | | बैठक भत्ता पदाधिकारी | ५०००००.०० | | ५०००००.०० | | | | | |
| ५ | | भ्रमण खर्च पदाधिकारी | ३०००००.०० | | ३०००००.०० | | | | | |
| ६ | | भ्रमण खर्च कार्यालय प्रयोजन | ५०००००.०० | | ३०००००.०० | | २०००००.०० | | | |
| ७ | | प्रोत्साहन भत्ता कर्मचारी | ३०००००.०० | | ३०००००.०० | | | | | |
| ८ | | बैठक भत्ता कर्मचारी | ३०००००.०० | | ३०००००.०० | | | | | |
| ९ | | वडा कार्यालय मसलन्द तथा बिबिध खर्च (सबै वडा दामासाहीले) | ३०००००.०० | | ३०००००.०० | | | | | |
| १० | | पानी तथा बिजुली कार्यालय प्रयोजन | २०००००.०० | | २०००००.०० | | | | | |
| ११ | | संचार महसुल कार्यालय प्रयोजन | ३०००००.०० | | ३०००००.०० | | | | | |
| १२ | | इन्धन कार्यालय प्रयोजन | ५०००००.०० | | ५०००००.०० | | | | | |
| १३ | | इन्धन अन्य प्रयोजन | १२०००००.०० | | १००००००.०० | | २०००००.०० | | | |
| १४ | | सवारी साधन मर्मत | १००००००.०० | | ७०००००.०० | | ३०००००.०० | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | | मेशिनरी तथा सवारी साधन बिमा र नबिकरण | ३०००००.०० | | ३०००००.०० | | | | | |
| १६ | | मेशिनरी औजार मर्मत संभार तथा संचालन | १००००००.०० | | ७०००००.०० | | ३०००००.०० | | | |
| १७ | | मसलन्द तथा कार्यालय सामाग्री गा.पा. | १५०००००.०० | | १२०००००.०० | | ३०००००.०० | | | |
| १८ | | अन्य कार्यालय संचालन खर्च गा.पा. | ७०००००.०० | | ५०००००.०० | | २०००००.०० | | | |
| १९ | | छपाइ तथा प्रकासन खर्च | ५०००००.०० | | ५०००००.०० | | | | | |
| २० | | पत्रपत्रिका छपाइ तथा सुचना प्रकासन | ५०००००.०० | | ५०००००.०० | | | | | |
| २१ | | सेवा र परामर्श | १००००००.०० | | ७०००००.०० | | ३०००००.०० | | | |
| २२ | | आर्थिक सहयोग | ५०००००.०० | | ३०००००.०० | | २०००००.०० | | | |
| २३ | | अनुगमन तथा मुल्याङ्कन | ५०००००.०० | | ५०००००.०० | | | | | |
| २४ | | अतिथि सत्कार | २०००००.०० | | २०००००.०० | | | | | |
| २५ | | दिवस तथा उत्सब | २०००००.०० | | २०००००.०० | | | | | |
| २६ | | सभा संचालन खर्च | ४०००००.०० | | ३०००००.०० | | १०००००.०० | | | |
| २७ | | सार्वजनिक सुनुवाइ | २०००००.०० | | २०००००.०० | | | | | |
| २८ | | सामाजिक परिक्षण | ३०००००.०० | | ३०००००.०० | | | | | |
| २९ | | गुनासो व्यबस्थापन | १०००००.०० | | १०००००.०० | | | | | |
| ३० | | बेरूजु फछ्यौंट | १०००००.०० | | १०००००.०० | | | | | |
| ३१ | | सुरक्षा व्यबस्थापन | ३०००००.०० | | ३०००००.०० | | | | | |
| ३२ | | गाडी भाडा | ५०००००.०० | | ३०००००.०० | | २०००००.०० | | | |
| ३३ | | घर भाडा | ५०००००.०० | | ३०००००.०० | | २०००००.०० | | | |
| ३४ | | बिबिध खर्च | ३०००००.०० | | ३०००००.०० | | | | | |
| **जम्मा** | | | **५००००००००.००** | | **४१५०००००.००** | | **८५०००००.००** | | | |

**(ख) संस्थागत बिकास तथा सेवा प्रबाह तर्फको व्यय अनुमान :-**

| क्र.सं. | खर्च शिर्षक नं. | आयोजना/कार्यक्रमको नाम | बिनियोजित रकम | स्रोत (संघीय सरकार) | | स्रोत (प्रदेश सरकार) | | स्रोत (स्थानीय सरकार) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स. अनुदान | रा. बाँडफाँड | स. अनुदान | रा. बाँडफाँड | आ. मौज्दात | आ. श्रोत | बि. कोष |
| १ | | गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण | ५०००००.०० | | ५०००००.०० | | | | | |
| २ | | कार्यालय व्यबस्थापन (फर्निचर तथा फिक्चर्स) | १८०००००.०० | | १२०००००.०० | | ६०००००.०० | | | |
| ३ | | सेवा प्रबाहमा बिद्दुतिय प्रबिधिको प्रयोग | ८०००००.०० | | ५०००००.०० | | ३०००००.०० | | | |
| ४ | | सवारी व्यबस्थापन | ५०००००.०० | | ३०००००.०० | | | २०००००.०० | | |
| ५ | | पदाधिकारी तथा कर्मचारी क्षमता बिकास तालिम | ३०००००.०० | | ३०००००.०० | | | | | |
| ६ | | आयोजना कार्यान्वयन गोष्ठी | ३०००००.०० | | ३०००००.०० | | | | | |
| ७ | | मेलमिलाप कर्ताहरूको क्षमता बिकास तालिम | ३०००००.०० | | | | ३०००००.०० | | | |
| ८ | | साझेदारी कोष | ५०००००.०० | | ३०००००.०० | | | २०००००.०० | | |

### ग (१):- समपुरक अनुदानमा प्राप्त बजेटको व्यय अनुमान

| क्र.सं. | खर्च शिर्षक नं. | आयोजना/कार्यक्रमको नाम | बिनियोजित रकम | स्रोत (संघीय सरकार) | स्रोत (प्रदेश सरकार) | स्रोत (स्थानीय सरकार) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | समपुरक अनुदान | समपुरक अनुदान | समपुरक | | |
| १ | | खनियाबास दामन पाखिन रिङरोड ग्रामिण सडक | १२५००००००.०० | १२५००००००.०० | | | | |
| २ | | खनियाबास शितभण्डार निर्माण | ७५००००००.०० | ७५००००००.०० | | | | |
| ३ | | मानेचौतारा गोदाम बृचेत सडक निर्माण | १०००००००.०० | | १०००००००.०० | | | |
| ४ | | किन्ताङफेदि रातोमाटे ग्रामिण सडक | १०००००००.०० | | १०००००००.०० | | | |
| जम्मा | | | **४०००००००.००** | **२०००००००.००** | **२०००००००.००** | | | |

### ग (२):- समपुरक अनुदानका लागि पुरक बजेटको व्यय अनुमान

| क्र.सं. | खर्च शिर्षक नं. | आयोजना/कार्यक्रमको नाम | बिनियोजित रकम | स्रोत (संघीय सरकार) | | स्रोत (प्रदेश सरकार) | | स्रोत (स्थानीय सरकार) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स. अनुदान | रा. बाँडफाँड | स. अनुदान | रा. बाँडफाँड | आ. मौज्दात | आ. श्रोत | बि. कोष |
| १ | | खनियाबास दामन पाखिन रिङरोड ग्रामिण सडक | १२५००००००.०० | ८००००००.०० | | १००००००.०० | | ३५०००००.०० | | |
| २ | | खनियाबास शितभण्डार निर्माण | ७५००००००.०० | ५००००००.०० | | ५०००००.०० | | २००००००.०० | | |
| ३ | | मानेचौतारा गोदाम बृचेत सडक निर्माण | १०००००००.०० | ६००००००.०० | | १००००००.०० | | ३००००००.०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | | किन्ताङफेदि रातोमाटे ग्रामिण सडक | १०००००००.०० | ६००००००.०० | | १००००००.०० | | ३००००००.०० | | |
| जम्मा | | | **४०००००००.००** | **२५००००००.००** | | **३५०००००.००** | | **११५०००००.००** | | |

**(घ) बिशेष अनुदानमा प्राप्त बजेटको व्यय अनुमान**

| क्र.सं. | खर्च शिर्षक नं. | आयोजना/कार्यक्रमको नाम | बिनियोजित रकम | स्रोत (संघीय सरकार) | स्रोत (प्रदेश सरकार) | स्रोत (स्थानीय सरकार) |
|---|---|---|---|---|---|---|
| | | | | बिशेष अनुदान | बिशेष अनुदान | बिशेष अनुदान |
| १ | | खनियाबास खानेपानी तथा सरसफाइ आयोजना | ११५०००००.०० | ११५०००००.०० | | |
| २ | | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. २ झार्लाङ | १०००००००.०० | | १०००००००.०० | |
| जम्मा | | | **२१५०००००.००** | **११५०००००.००** | **१०००००००.००** | |

**(ङ) कृषि बिकास तर्फको व्यय अनुमान :-**

| क्र.सं. | खर्च शिर्षक नं. | आयोजना/कार्यक्रमको नाम | बिनियोजित रकम | स्रोत (संघीय सरकार) | | स्रोत (प्रदेश सरकार) | | स्रोत (स्थानीय सरकार) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स. अनुदान | रा. बाँडफाँड | स. अनुदान | रा. बाँडफाँड | आ. मौज्दात | आ. श्रोत | बि. कोष |
| १ | | ८० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल निर्माण | ४०००००.०० | ४०००००.०० | | | | | | |
| २ | | माटो परिक्षण माटो नमुना संकलन सम्बन्धी स्थलगत तालिम एवं कृषि चुन खरिद | १०००००.०० | १०००००.०० | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | | कृषक समूह बैठक गोष्ठी तथा अभिमुखीकरण संचालन अनुगमन ढुवानी आदि | १५००००.०० | १५००००.०० | | | | | | |
| ४ | | नर्सरी व्यबस्थापन तथा बिरूवा उत्पादन | ४०००००.०० | | २१९२९२.०० | | | | १८०७०८.०० | |
| ५ | | मसला बाली (टिमुर अलैची अदुवा) प्रबर्द्धन तथा प्रशोधन कार्यक्रम | १५००००.०० | | | | | | १५००००.०० | |
| ६ | | बाली संरक्षण तथा जैविक बिषादी खरिद | २०००००.०० | २०००००.०० | | | | | | |
| ७ | | ८० प्रतिशत अनुदानमा बर्खे तथा हिउदे फलफुल बिरूवा बितरण | १०००००.०० | १०००००.०० | | | | | | |
| **जम्मा** | | | **१५०००००.००** | **९५००००.००** | **२१९२९२.००** | | | | **३३०७०८.००** | |

**(च) पशु बिकास तर्फको व्यय अनुमान :-**

| क्र.सं. | खर्च शिर्षक नं. | आयोजना/कार्यक्रमको नाम | बिनियोजित रकम | स्रोत (संघीय सरकार) | | स्रोत (प्रदेश सरकार) | | स्रोत (स्थानीय सरकार) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स. अनुदान | रा. बाँडफाँड | स. अनुदान | रा. बाँडफाँड | आ. मौज्दात | आ. श्रोत | बि. कोष |
| १ | | पशु शाखा औसधि खरिद | ४०००००.०० | ४०००००.०० | | | | | | |
| २ | | पशु स्वास्थ्य शिविर संचालन | ३०००००.०० | | | | | | ३०००००.०० | |
| ३ | | जैबिक प्रकोप नियन्त्रण | २०००००.०० | | | | | | २०००००.०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | | भ्याक्सिन खरिद (रेविज तथा पि.पि.आर.) | १०००००.०० | १०००००.०० | | | | | | |
| जम्मा | | | १००००००.०० | ५०००००.०० | | | | | ५०००००.०० | |

**(छ) शिक्षा युवा तथा खेलकुद बिकास तर्फको व्यय अनुमान :-**

| क्र.सं. | खर्च शिर्षक नं. | आयोजना/कार्यक्रमको नाम | बिनियोजित रकम | स्रोत (संघीय सरकार) | | स्रोत (प्रदेश सरकार) | | स्रोत (स्थानीय सरकार) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स. अनुदान | रा. बाँडफाँड | स. अनुदान | रा. बाँडफाँड | आ. मौज्दात | आ. श्रोत | बि. कोष |
| १ | | न्युनतम दरवन्दि भएका ४ वटा मा.वि र १ नि.मा.विमा शिक्षक व्यवस्थानपन अनुदान | २५००००००.०० | | १५०००००.०० | १००००००.०० | | | | |
| २ | | वाल विकास सहजकर्ता लेखा कर्मचारी विद्यालय कर्मचारी थप तलब भत्ता | ५००००००.०० | | ३५०००००.०० | १५०००००.०० | | | | |
| ३ | | सट्टा प्रसुति शिक्षक व्यवस्थापन अनुदान | १०००००.०० | | १०००००.०० | | | | | |
| ४ | | बच्छलादेवी अङ्गेजी माध्यम सञ्चालन अनुदान | २०००००.०० | | १०००००.०० | | | १०००००.०० | | |
| ५ | | प्राविधिक अध्ययन छात्रवृत्ति कार्यक्रम | ४०००००.०० | | ३०००००.०० | | | १०००००.०० | | |
| ६ | | बच्छलादेवी क्याम्पस सञ्चालन अनुदान | ४०००००.०० | | ३०००००.०० | | | १०००००.०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | | प्र.अ वैठक सञ्चालन खर्च | १०००००.०० | | १०००००.०० | | | | | |
| ८ | | कक्षा ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापन | १०००००.०० | | १०००००.०० | | | | | |
| ९ | | राष्ट्रपति रनिङसिल्ड | २०००००.०० | | २०००००.०० | | | | | |
| १० | | खेलकुद प्रर्बधन | ५०००००.०० | | २०००००.०० | | | ३०००००.०० | | |
| ११ | | लोकसेवा तथा शिक्षक सेवा तयारी कक्षा व्यबस्थापन | ५०००००.०० | | २०००००.०० | | | ३०००००.०० | | |
| १२ | | शैक्षिक अनुदान सिंगला मा.वि. | २०००००.०० | | २०००००.०० | | | | | |
| १३ | | शैक्षिक अनुदान बेन्दिदेवी मा.वि. | २०००००.०० | | २०००००.०० | | | | | |
| १४ | | शैक्षिक अनुदान गणेशकुण्ड मा.वि. | १०००००.०० | | १०००००.०० | | | | | |
| जम्मा | | | १०५०००००.०० | | ७१००००००.०० | २५००००००.०० | | ९०००००.०० | | |

(ज) स्वास्थ्य तर्फको व्यय अनुमान :-

| क्र.सं. | खर्च शिर्षक नं. | आयोजना/कार्यक्रमको नाम | बिनियोजित रकम | स्रोत (संघीय सरकार) | | स्रोत (प्रदेश सरकार) | | स्रोत (स्थानीय सरकार) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स. अनुदान | रा. बाँडफाँड | स. अनुदान | रा. बाँडफाँड | आ. मौज्दात | आ. श्रोत | बि. कोष |
| १ | | नि:शुल्क स्वास्थ्य सेवाको लागि अत्यावश्यक औषधि खरिद | १३०००००.०० | | १३०००००.०० | | | | | |
| २ | | अल्ट्रासाउण्ड मेशिन खरिद | ७०००००.०० | | ७०००००.०० | | | | | |
| ३ | | प्रयोगशाला संचालन सामग्री | २०००००.०० | | २०००००.०० | | | | | |
| ४ | | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका संचार खर्च | १०००००.०० | | १०००००.०० | | | | | |
| ५ | | नि:शुल्क शिविर संचालन | २०००००.०० | | २०००००.०० | | | | | |
| जम्मा | | | २५०००००.०० | | २५०००००.०० | | | | | |

(झ) सामाजिक समावेशीकरण तर्फको व्यय अनुमान :-

| क्र.सं. | खर्च शिर्षक नं. | आयोजना/कार्यक्रमको नाम | बिनियोजित रकम | स्रोत (संघीय सरकार) | | स्रोत (प्रदेश सरकार) | | स्रोत (स्थानीय सरकार) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स. अनुदान | रा. बाँडफाँड | स. अनुदान | रा. बाँडफाँड | आ. मौज्दात | आ. श्रोत | बि. कोष |
| १ | | द्वन्द्व पिडित तथा आमाबुबा विहिन बालबालिकाहरुलाई | १०००००.०० | | | | | | १०००००.०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रवृत्ति वितरण कार्यक्रम | | | | | | | | |
| २ | | मनोसामाजिक परामर्श सेवा संचालन (मानव बेचबिखन लागुऔसद दुर्व्यसन नियन्त्रण तथा अन्य) | ५०००००.०० | | | | | २०००००.०० | ३०००००.०० | |
| ३ | | बालक्लब गठन तथा क्षमता विकास तालिम संचालन | ३०००००.०० | | | | | | ३०००००.०० | |
| ४ | | ५० प्रतिसत अनुदानमा दलित समुदायको स्वास्थ्य बिमा कार्यक्रम | १०००००.०० | | | | | | १०००००.०० | |
| जम्मा | | | **१००००००.००** | | | | | **२०००००.००** | **८०००००.००** | |

**(ञ) वडा स्तरीय बजेटको व्यय अनुमान :-**

| **१ नं. वडा तर्फको व्यय अनुमान** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **खर्च शिर्षक नं.** | **आयोजना/कार्यक्रमको नाम** | **बिनियोजित रकम** | **स्रोत (संघीय सरकार)** | | **स्रोत (प्रदेश सरकार)** | | **स्रोत (स्थानीय सरकार)** | | |
| | | | | **स. अनुदान** | **रा. बाँडफाँड** | **स. अनुदान** | **रा. बाँडफाँड** | **आ. मौज्दात** | **आ. श्रोत** | **बि. कोष** |
| १ | | ज्योति प्रा.वि. शैक्षिक अनुदान | ३०००००.०० | २०००००.०० | | | | १०००००.०० | | |
| २ | | झार्लाङ आ.वि. घेराबार र शौचालय मर्मत | ५०००००.०० | ३०००००.०० | | | | २०००००.०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | | सिंगला मा.वि. परिसर निर्माण | ७००००० .०० | ५००००० .०० | | | | २००००० .०० | | |
| ४ | | च्याम्थली सडक स्तरोन्नति | ३००००० .०० | ३००००० .०० | | | | | | |
| ५ | | नम्चेत देखि छेङछेङगङ सम्म पदमार्ग निर्माण | २००००० .०० | २००००० .०० | | | | | | |
| ६ | | गर्स्योङ परमा ग्याविन बाल निर्माण | ३००००० .०० | ३००००० .०० | | | | | | |
| ७ | | लुङकुलो गङदेन दुङदुङचो छेकबार तथा ग्याविन वाल निर्माण | ५००००० .०० | ५००००० .०० | | | | | | |
| ८ | | केसीङचो देखि स्कुल हुदै वडा भवन सम्म गोरेटो बाटो निर्माण | २००००० .०० | २००००० .०० | | | | | | |
| ९ | | बिबिध खर्च | ५००००० .०० | २००००० .०० | | | | | | ३००००० .०० |
| जम्मा | | | **३५०००००.००** | **२७०००००.००** | | | | **५०००००.००** | | **३०००००.००** |

(२) उपदफा (१) बमोजिम पुरस्कार पाउने व्यक्ति एक भन्दा बढि भएमा पुरस्कारको रकम दामासायि रुपमा दिइनेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना दिने व्यक्तिका नाम, थर र वतन गोप्य राखिनेछ ।

(४) यस दफा बमोजिमका सुबिधा गाउँपालिकाको कर्मचारी तथा जनप्रतिनिधिको हकमा लागु हुने छैन ।

**२२. बाधा अडकाउ फुकाउ :** (१) यस ऐनको अनुसूचीमा उल्लेख नगरिएको कर तथा शुल्कका सम्बन्धमा गाउँ कार्यपालिकाले सोहि प्रकृतिको अन्य व्यवसायमा लाग्ने करका दरलाई सन्दर्भ लिई रु पाँच सय देखि बीस हजारसम्म करको भार पर्ने गरि कर तथा शुल्कको दर निर्धारण गर्न सक्नेछ । सो कर तथा शुल्कको दरलाई लगत्तै बस्ने गाउँसभा समक्ष अनुमोदनका लागि पेश गर्नुपर्नेछ ।

(२) यस ऐनको कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले निर्णय गरी राजस्व परामर्श समितिको सिफारिसमा त्यस्तो बाधा अडकाउ फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ । त्यस्तो आदेश जारी भएपछि लगतै बस्ने गाउँ सभा समक्ष निर्णय अनुमोदनका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा १ र २ बमोजिम गरिएको निर्णय लगतै बस्ने गाउँ सभाबाट अनुमोदन नभएमा स्वत: खारेज हुनेछ ।

## अनुसूची १

## (ऐनको दफा २ सँग सम्बन्धित)

**घरजग्गा कर :** आ.व. २०८०/०८१ श्रावण १ गतेबाट घरजग्गा कर प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ, घरजग्गा करको मूल्यांकन आधार र दररेट निम्नानुसार छ ।

### मुल्यांकनको आधारहरु

**क. जग्गा तर्फ :** मालपोत कार्यालय धादिङले रजिष्ट्रेसन पास प्रयोजन निमित्त गाउँक्षेत्रमा निर्धारण गरेको न्युनतम दररेटलाई, न्युनतम दररेट कायम गरि जग्गाको मुल्यांकन गरिनेछ । सो भन्दा माथि दररेट राखी स्वघोषणा गर्ने करदाताको घोषित दररेटमा मुल्यांकन गरिनेछ ।

**ख. घर,गोठ तथा भौतिक संरचना तर्फ :** घरजग्गा कर निर्धारण प्रयोजनका लागि घर, गोठ तथा भौतिक संरचनाहरुको मुल्यांकन दररेट देहाय बमोजिम वा स्वघोषणा गरे अनुसार देहायको दररेटमा कम नहुने गरि मुल्यांकन गरिनेछ ।

| प्रकार | दररेट (प्रति संरचना) आ.व.२०८०/८१ |
|---|---|
| आर सि.सि. फ्रेम स्टक्चर भएका घर, गोठ तथा अन्य संरचनाहरू | १०००।०० |
| सिमेन्ट जोडाई ईट्टा वा ढुङगाको गारो र आर.सि.सि. छाना भएका घर, गोठ तथा अन्य संरचनाहरू | ८००।०० |
| माटोको जोडाइ ईट्टा वा ढुङगाको गारो र आर. सि.सि. छाना भएका घर, गोठ तथा अन्य संरचनाहरू | ५००।०० |
| सिमेन्ट जोडाइ इटा ,ढुंगा वा ब्लकको गारो जस्ता छाना भएका घर, गोठ तथा अन्य संरचनाहरू | ३५०।०० |
| माटोको जोडाइ ढुंगा वा ब्लकको गारो जस्ता छाना भएका घर, गोठ तथा अन्य संरचनाहरू | ३००।०० |
| सिमेन्ट जोडाइमा इटा वा ढुंगाको गारो भइ टायलको छाना भएका घर, गोठ तथा अन्य संरचनाहरू | २००।०० |
| काठको घर, गोठ तथा अन्य संरचनाहरू | १५०।०० |

**अनुसूची २**

**ऐनको दफा ३ सँग सम्बन्धीत (भूमिकर )**

**भूमिकर**

| जग्गाको क्षेत्रफल | ईकाई | खेत | | | | बारी | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अब्बल | दोयम | सिम | चार | अब्बल | दोयम | सिम | चार |
| न्युनतम दर | एकमुष्ट | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० |
| २० रोपनी सम्म | प्रतिरोपनी | १० | ८ | ६ | ४ | ९ | ७ | ५ | ३ |
| २० रोपनी देखि ४० रोपनी सम्म | | १२ | १० | ८ | ६ | १० | ८ | ६ | ४ |
| ४० रोपनी भन्दा माथि | | १४ | १० | ४ | १४ | १० | ८ | ६ | |

**अनुसूची ३**
**(ऐनको दफा ४ सँग सम्बन्धित)**

**घर बहाल कर**

(क) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी वा पुरै वा अन्य सम्पत्ति पुरै वा आंशिक रुपमा व्यावसायिक वा निजि प्रयोजनले बहाल दिएकोमा बहाल अंकको १० प्रतिशतले दरले सम्पत्ति धनीबाट बहाल कर संकलन गरिनेछ।

(ख) संगठित संघ संस्था, कम्पनी, कार्यालय वा यस्ता प्रकृतिका अन्य बहालमा बसे वापत बहाल रकम बुझाउदा श्रोतमा अग्रिम बहाल कर कट्टी गरि दाखिला गर्नु पर्नेछ। यदि सो निकायले अग्रिम बहाल कर कट्टी नगरी भुक्तानी दिएमा, बहाल कर रकम भुक्तानी गर्न सम्पत्ति धनि तथा भाडामा लिने निकाय दुवै संयुक्त रुपमा जिम्मेवार हुनेछन।

<u>अनुसूची ४</u>

<u>ऐनको दफा ५ सँग सम्बन्धित</u>

<u>वार्षिक व्यवसाय कर</u>

१.**<u>व्यवसाय कर:( वार्षिक)</u>**

| क्र.स. | शीर्षक | शहरी क्षेत्र | |
|---|---|---|---|
| | | आ.व.२०७९/८० | आ.व.२०८०/८१ |
| १ | **होटल,लज,रेष्टुरेन्ट ,बार,क्याफे,भोजनालय,मिष्ठान्न भण्डार** | | |
| | क) खाजा घर | १००० | १००० |
| | ख) खाना नास्ता | १५०० | १५०० |
| | ख)खाना नास्ता मदिरा समेत | २००० | २००० |
| | **खाना नास्ता लज मदिरा समेत** | | |
| | क) ५ कोठासम्म लज | २००० | २००० |
| | ख) १० कोठासम्म | २५०० | २५०० |
| | ख) १० भन्दा माथि कोठा लज | ३००० | ३००० |
| | ग) ब्रान्ड लिएका होटल,रिसोर्ट तथा लज समेत | १०००० | १०००० |
| २ | **टेन्ट हाउस र क्याटरिङ** | | |
| | टेन्ट हाउस मात्र | १००० | १००० |
| | टेन्ट हाउस र क्याटरिङ समेत | १५०० | १५०० |
| ३ | **सुनचाँदी रत्न आभुषण पसल** | | |
| | सुनचाँदी रत्न आभुषण पसल | २००० | २००० |
| | रत्न आभुषण | २००० | २००० |
| ४ | **टेलरिङ व्यवसाय** | | |
| | क)सटिङ सुटिङ लेडिज जेन्स (कपडा सहित) | २००० | २००० |
| | ख) टेलरिङ मात्र | १००० | १००० |
| | ग)गार्मेन्ट तथा टेलरीङ | - | २००० |
| ५ | सैलुन | ५०० | १००० |
| ६ | **ब्यूटी पार्लर** | | |
| | क)ब्यूटी पार्लर | १००० | १००० |
| | ख)ब्युटि पार्लर तालिम समेत | १५०० | १५०० |
| ७ | **कम्प्युटर व्यवसाय सम्बन्धि** | | |
| | कम्प्युटर विक्री तथा मर्मत | १५०० | १५०० |
| ८ | टि,भि.,फ्रिज,बिक्री तथा मर्मत | १५०० | १५०० |
| ९ | मोवाइल विक्री तथा मर्मत | १५०० | १५०० |
| १० | रेडियो,टेलिभिजन, क्यालकुलेटर घडी, क्यासेट अडियो, भिडियो विक्री तथा मर्मत | १००० | १००० |
| ११ | जुत्ता पसल (स्थानीय उत्पादन ) | १००० | १००० |
| १२ | जुत्ता पसल(थोक विक्रेता ) | २००० | २००० |
| १३ | जुत्ता पसल (खुद्रा विक्रेता) | १००० | १००० |

| | | | |
|---|---|---|---|
| १४ | थोक विक्रेता (किराना पसल) | २५०० | २५०० |
| १५ | डिलर सिप (किराना पसल) | ३००० | ३००० |
| १६ | खुद्रा विक्रेता (किराना पसल) | १५०० | १५०० |
| १७ | औषधि पसल (एलोपेथिक,होमोपेथिक,आयुर्वेदिक ) | | |
| १८ | थोक विक्रेता | २००० | २००० |
| १९ | खुद्रा  विक्रेता | १५०० | १५०० |
| २० | चस्मा पसल | १००० | १००० |
| २१ | निजि अस्पताल तथा नर्सिङ होम | ५००० | ५००० |
| २२ | क्लिनिक तथा ल्याब | २००० | २००० |
| २३ | पोलिक्लिनिक | _ | ३००० |
| २४ | डेन्टल क्लिनिक | १५०० | १५०० |
| २५ | पान पसल | ५०० | ५०० |
| २६ | ड्राई क्लिनर्स | ५०० | ५०० |
| २७ | सिनेमा हल | ५००० | ५००० |
| २८ | आर्ट व्यवसाय | १००० | १००० |
| २९ | विजुली पसल थोक विक्रेता | २५०० | २५०० |
| ३० | विजुली पसल खुद्रा विक्रेता | १५०० | १५०० |
| ३१ | फोटो स्टुडियो (कलर ल्याब ) | २००० | २००० |
| ३२ | फोटो स्टुडियो | १५०० | १५०० |
| ३३ | भाडा पसल | १५०० | १५०० |
| ३४ | गिफ्ट तथा कस्मेटिक पसल | १००० | १००० |
| ३५ | प्लाई, सिसा | १००० | १००० |
| ३६ | फर्निचर फर्निसिङ | २००० | २००० |
| ३७ | पेट्रोल पम्प | ५००० | ५००० |
| ३८ | ग्यास थोक विक्रेता | १५०० | १५०० |
| ३९ | साइकल,रिक्सा मर्मत | ५०० | ५०० |
| ४० | मोटरसाइकल विक्री | १००० | १५०० |
| ४१ | मोटरसाइकल मर्मत | १००० | १५०० |
| ४२ | अटोमेकानिकल,(बस,जिप,कार,टेक्टर,पार्ट्स विक्री मर्मत) | - | ४००० |
| ४३ | अटोमेकानिकल ,(बस,जिप,कार,टेक्टर,पार्ट्स  मर्मत) | - | ३००० |
| ४४ | लेथ सेक्सन तर्फ | - | २००० |
| ४५ | मोटर बडी बिल्डर्स | - | ४००० |
| ४६ | पशुपंक्षी आहार उद्योग | २००० | २००० |
| ४७ | फन पार्क | - | ५००० |
| ४८ | **लेखा परीक्षक** | | |
| | क श्रेणीलाई | ४००० | ४००० |
| | ख श्रेणीलाई | ३००० | ३००० |
| | ग श्रेणीलाई | २००० | २००० |

| | | | |
|---|---|---|---|
| | घ श्रेणीलाई | १५०० | १५०० |
| ४९ | बैंक, फाईनान्स,वित्तीय संस्थाहरु | | |
| | क वर्गको बैंक वा वित्तीय संस्था | १०००० | १५००० |
| | ख वर्गको बैंक तथ् वित्तीय संस्था | ८००० | १२००० |
| | ग वर्गको वित्तीय संस्थाको | ७००० | १०००० |
| | घ वर्गको बैंक वा वित्तीय संस्था | ५००० | ८००० |
| | यस गाउँपालिका भित्रका बैंक तथा वित्तीय नाफा मूलक संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत लगानी गर्नुपर्ने रकम यस गाउँपालिका क्षेत्रभित्र गर्नुपर्ने छ। | | |
| ५० | सहकारी संस्थाको Audit रिपोर्ट अनुसार प्रति एक लाख नाफामा न्युनतम | १००० | १००० |
| ५१ | सहकारी सहकारी संस्थाको Audit रिपोर्ट अनुसार प्रति २ लाख सम्मको नाफामा (सो भन्दा बढि प्रति लाखको नाफामा ३०० को दरले थप कर लाग्ने) | २००० | २००० |
| ५२ | बेकरी उद्योग (पाउरोटी, बरफ, बिस्कुट तथा दालमोठ) | १५०० | १५०० |
| ५३ | निजि शिक्षा संचालन तर्फ | | |
| | क्याम्पस, उच्च मा.वि. | १५००० | १५००० |
| | मा.वि. | १०००० | १०००० |
| | आ.वि (८ कक्षा सम्म) | ८००० | ८००० |
| | आ.वि (५ कक्षा सम्म) | ५००० | ५००० |
| | पुर्व प्राथमिक ३ कक्षा सम्म | - | ३००० |
| ५४ | वार्षिक रुपमा नवीकरण गर्दा यसमा तोकिएको शुल्कको ५० प्रतिशत रकम लाग्नेछ। | | |
| ५५ | ब्लक ,रिङ,टायल र तारबार पोल | १००० | १००० |
| ५६ | पोलिथिन पाईप तथा अन्य प्लाष्टिकका सा मानहरुको उद्योग/साबुन तथा डीटरजेन्ट उद्योग | २००० | २००० |
| ५७ | मैनबत्ती तथा अगर बत्ति | ५०० | ५०० |
| ५८ | मसला उद्योग | ५०० | ५०० |
| ५९ | परामर्श सेवा सूचिकृत शुल्क | | |
| | वैदेशिक रोजगार व्यवसाय (म्यान पावर कम्पनी) | - | १०००० |
| | परामर्श सेवा इन्जीनियरिङ र प्राबिधिक परामर्श सेवा प्रदायक | २००० | २००० |
| | शैक्षिक परामर्श सेवा प्रदायक | ५०० | १००० |
| | कानुनी परामर्श सेवा | ५०० | १००० |
| ६० | मदिरा विक्रेता | | |
| | मदिरा थोक विक्रेता | ३००० | ३००० |
| | मदिरा खुद्रा विक्रेता | २००० | २००० |
| ६१ | मादल मर्मत तथा विक्री | - | १०० |
| ६२ | सिरक डसना पसल | २००० | २००० |

| | | | |
|---|---|---|---|
| ६३ | हयूम पाईप, विधुत पोल उद्योग | १००० | १००० |
| ६४ | झोला तयारी गर्ने उद्योग -प्लाष्टिक झोला उत्पादन गर्न पाईने छैन | २५०० | २५०० |
| ६५ | डेरी उद्योग (दुग्ध तथा दुग्ध सम्बन्धि अन्य व्यवसाय ) | १५०० | १५०० |
| ६६ | फर्निचर उद्योग/समिल | १५०० | १५०० |
| ६७ | फर्निचर उद्योग/सोरुम | २००० | २००० |
| ६८ | ग्रिल सटर उद्योग | १५०० | १५०० |
| ६९ | मिल (कुटानी पिसानी ) | १५०० | १५०० |
| ७० | चिउरा,भुजा ,चामल उद्योग | १५०० | १५०० |
| ७१ | कालिज फर्म | - | २००० |
| ७२ | बंगुर फर्म(तोकिएको क्षेत्रभित्र मात्र )लगायत सोहि प्रकृतिका | १५०० | १५०० |
| ७३ | माछा/मासु पसल | १००० | १००० |
| ७४ | बध साला | २००० | २००० |
| ७५ | तरकारी,फलफुल तथा साग सब्जी विक्रेता थोक पसल | - | २००० |
| ७६ | तरकारी, फलफुल तथा साग सब्जी खुद्रा विक्रेता पसल | - | ५०० |
| ७७ | अन्डा पसल | - | ५०० |
| ७८ | ईटा उद्योग | | |
| | ईटा उद्योग चिम्नी भएको | - | १००००० |
| ७९ | छाला संकलन तथा विक्री | - | १००० |
| ८० | ईटा, ढुंगा, बालुवा तथा संकलन(डिपो) | ५००० | ५००० |
| ८१ | डोको, नाम्लो, भकारी, प्लाष्टिक तथा बेतबासका सामानहरु | १००० | १००० |
| ८२ | हार्डवेयर पसल (इट्टा रोडा सहित अन्य) | ३००० | ३००० |
| ८३ | हार्डवेयर पसल | ३००० | ३ ००० |
| ८४ | मेटलको भाडा बनाउने व्यवसाय | ५०० | ५०० |
| ८५ | स्टेशनरी पसल थोक विक्रेता | २००० | २००० |
| ८६ | स्टेशनरी पसल खुद्रा विक्रेता | १००० | १००० |
| ८७ | आरन व्यवसाय | २०० | २०० |
| ८८ | फोटोकपी, फ्याक्स, लेमिनेशन, ब्याण्डीङ कुरियर | ३००० | ३००० |
| ८९ | कम्प्युटर, ड्राईभिङ तथा अन्य ईन्ष्टिच्युट | १००० | १००० |
| ९० | कपडा पसल फेन्सी पसल थोक | १५०० | १५०० |
| ९१ | कपडा पसल फेन्सी पसल खुद्रा | १००० | १००० |
| ९२ | डिजीटल छापाखाना (अपसेट प्रेस) | २००० | २००० |
| ९३ | साईबर,नेट ,गेम सेन्टर फोन सेवा (कम्युनिकेसन सेवा) | २००० | २००० |
| ९४ | निर्माण व्यवसायी | | |
| | क श्रेणी | ३०००० | ३०००० |
| | ख श्रेणी | २०००० | २०००० |
| | ग श्रेणी | १०००० | १०००० |
| | घ श्रेणी | ५००० | ५००० |
| ९५ | घ वर्ग निर्माण व्यवसायी इजाजत दर्ता र नवीकरण | | |

| | | | |
|---|---|---|---|
| | दर्ता | १०००० | १०००० |
| | नवीकरण | ५००० | ५००० |
| | जरिवाना (कार्यविधिमा तोकिए बमोजिम) | | |
| | प्रतिलिपि | १००० | १००० |
| | नामसारी | ५००० | ५००० |
| ९६ | रासायनिक मल विऊ विजन ,किटनाशक औषधि दाना चल्ला .बिक्री भेटेनरी समेत | २००० | २००० |
| ९७ | कृषि सामाग्री विक्री केन्द्र/शीत भण्डार | १००० | १००० |
| ९८ | एग्रोभेट | १५०० | १५०० |
| ९९ | भिडियो मिक्सिङ | १००० | १००० |
| १०० | ट्युसन सेन्टर | २००० | २००० |
| १०१ | मेशिनरी समान ,बेरिङ रिपोरीङ तथा बिक्री (मोटर ,जेनेटर आदि ) | २००० | २००० |
| १०२ | कृषि उपकरण मर्मत तथा बिक्री | ५०० | ५०० |
| १०३ | रेमिटेन्स सेवा क श्रेणी | २५०० | २५०० |
| १०४ | कवाडी व्यवसाय | २५०० | २५०० |
| १०५ | टुर्स एण्ड ट्राभल | २००० | २००० |
| १०६ | कुरियर तथा कार्गो सेवा | १००० | १००० |
| १०७ | ट्रान्सपोर्ट सेवा | २००० | २००० |
| १०८ | संयुक्त वडा कार्यालय हाल भाडा (प्रतिदिन) | ५०० | ५०० |
| १०९ | जडिबुटी वन्यजन्तु  उद्योग (खोटो लगायत ) | १५०० | १५०० |
| ११० | वैकल्पिक उर्जा (गोबरग्यास ,सोलार) | १५०० | १५०० |
| १११ | विमा कम्पनी | | |
| | जीवन विमा कम्पनी | - | २०००० |
| | निर्जीवन विमा कम्पनी | - | १५००० |
| ११२ | रङ रोगन पसल | २००० | २००० |
| ११४३ | पोल्ट्री सप्लायर्स दाना चल्ला विक्रेता ) | २००० | २००० |
| ११४ | व्यवसाय पोल्ट्री फर्म (५००वडा चल्ला भन्दा बढि ) | ३००० | ३००० |
| ११५ | कृषि व्यवसाय | | |
| | कृषि फर्म | १५०० | १५०० |
| | माछा पालन | १५०० | १५०० |
| | पोल्ट्री फर्म (५०० वडा चल्ला भन्दा कम) | ३००० | ३००० |
| | भैसी फर्म | १५०० | १५०० |
| | बाख्रा फर्म | १५०० | १५०० |
| | गाई फर्म | १५०० | १५०० |
| | अन्य | १५०० | १५०० |
| | दुईवटा  सम्म भएमा | १००० | १००० |
| | दुई भन्दा बढि भएमा | १५०० | १५०० |

| | | | |
|---|---|---|---|
| ११६ | सहकारी संस्था (दर्ता एवं सिफारिस पनि व्यवसाय कर सरह लाग्नेछ ।) | | |
| | क)संघ मातहत | - | १२००० |
| | ख)प्रदेश मातहत | - | १०००० |
| | ग)गाउँपालिका मातहत | ८००० | ८००० |
| | १)वचत तथा ऋण | ८००० | ८००० |
| | २)कृषि सहकारी | ८००० | ८००० |
| | ३)बहुउद्देश्यीय सहकारी | ८००० | ८००० |
| | ४)पर्यटन सहकारी | - | ८००० |
| ११७ | मासु पसल | | |
| | क)भेडा ,च्यांग्रा र खसी बोका | १५०० | १५०० |
| | ख)राँगा ,भैसी | १५०० | १५०० |
| | ग)बंगुर ,सुंगुर | १५०० | १५०० |
| | घ)पंक्षी जाति | १००० | १००० |
| ११८ | कृषक समूह दर्ता | ५०० | ५०० |
| ११९ | ह्याचरी उद्योग | १०००० | १०००० |

**२.यस गाउँपालिका भित्र रहेको उद्योग धन्दा तथा कलकारखानामा लगाईने स्थानीय कर**

| **सि.नं.** | **विवरण** | **ईकाई** | **शहरी क्षेत्र** | |
|---|---|---|---|---|
| | | | **आ.व.२०७९/८०** | **आ.व.२०८०/८१** |
| १ | क्रसर उद्योग साना (वार्षिक) | प्रति उद्योग | - | १००००/- |
| २ | क्रसर उद्योग मझौला (वार्षिक) | प्रति उद्योग | - | ३००००/- |
| ३ | क्रसर उद्योग ठुलो (वार्षिक) | प्रति उद्योग | - | ४००००/- |
| ४ | बालुवा धुने उद्योग ठुला (वार्षिक ) | प्रति उद्योग | - | १५०००/- |
| ५ | बालुवा धुने उद्योग ठुला (वार्षिक )फिरफिरे | प्रति उद्योग | - | १००००/- |
| ६ | सार्वजनिक नदि खोला किनारमा ढुंगा गिट्टी बालुवा ग्राबेल ,रोड माटो चुनढुंगा स्लेट उत्खनन संकलन विक्री तथा निकासी | प्रति वर्ग फिट | प्रदेश सरकारबाट तोकिए बमोजिम | |

**सिफारिस नि:शुल्क व्यवस्था -**

| |
|---|
| १.अपांगता भनि व्यक्तिगत अपांगताको सिफारिस गर्दा |
| २.विपद परेको भनि राहतका लागि सिफारिस |
| ३.नसर्ने कडा तथा असाध्य रोगको नि:शुल्क उपचारको लागि विपन्न भनि सिफारिस गर्दा |
| ४. छात्रवृत्ति, उपचार, विपन्न र एकल महिला आर्थिक सहायता सम्बन्धि सिफारिस गर्दा |
| ५.वैदेशिक रोजगारमा मृत्यु भएको व्यक्तिको सिफारिस |
| ६.नागरिकको घरमा आगलागी भएको व्यहोराको सिफारिस |

**१. व्यवसाय नवीकरण तर्फ**

क) व्यवसाय दर्ता नबिकरण गर्दा दर्ताको ५०% कर छुट हुने र अन्य कर तथा सेवा शुल्कको हकमा कर छुट नहुने ।

**२. जरिवाना** : आ.व. को पहिलो ३ महिना सम्म (आश्विन मसान्त सम्म) नविकरण गर्दा जरिवाना लाग्ने छैन । त्यसपछि पौष मसान्त सम्म नबिकरण शुल्कको २५ %, चैत्र मसान्त सम्म ५० % र पछिको हकमा शत प्रतिशत जरिवाना लाग्नेछ ।

**नोट:** माथि उल्लेखित छुट हुन् गएका ब्यबसायहरुलाई प्रकृति हेरी उल्लेखित ब्यबसाय सँग मेल खाने किसिमको दरमा गाउँ कार्यपालिका बाट निर्णय गरि रु. ५०० देखि ५००० सम्म लिन सकिनेछ । माथि उल्लेखित व्यवसायको प्रकृति दोहोरिएको भए दोहोरिएको मध्ये जुन व्यवसायको दर शुल्क बढि छ सोहि अनुसार दर शुल्क कायम हुनेछ

**अनुसूची ५**
**ऐनको दफा ६ सँग सम्बन्धित**
**निषेधित बाहेकका जडिबुटी तथा -जीवजन्तु सम्बन्धि कर**

तपसिल

| | |
|---|---|
| १. खोटो -२००० (प्रति ५ लाख पुर्व अनुमति लिई ) | २. ऊन-१५०० (प्रति १५ के.जी.) |
| ३. जडिबुटी -१५०० (प्रति १० के.जी.) | ४. हाड, सिङ-१५०० (प्रति टन) |

| | |
|---|---|
| ५. छाला -१५०० (प्रति १० छाला ) | ६.प्वाँख- १५०० प्रति क्वीन्टल ) |
| ७. बनकस -५० (प्रति क्वीन्टल ) | |

**अनुसूची ६**
**ऐनको दफा ७ सँग सम्बन्धित**
**गाउँ सवारी कर**

**क) सवारी कर (वार्षिक)**

(क) बस, मिनी बस, माइक्रो बस, कार जिप रु. २०००/-

(ख) ट्रक, लहरी आदी हेभी सवारी वार्षिक रु. ३०००/-

(ग) ई-रिक्सा रु. १५००/-

(घ) पावर टेलर वार्षिक रु. ५००/-

(ङ) निजि कार तथा जिप रु. १०००/-

(च) ठेलागाडा, रिक्सा वार्षिक रु. १००/-

**ख) पटके सवारी कर (प्रति साधन) गाउँपालिकाले बनाएको सडकमा**

(क) ट्रक, लहरी लगायत ठुला सवारी साधन रु. ३०/-

(ख) बस, माइक्रो/जिप (भाडाको ) रु. २५/-

(ग) निजि सवारी साधन रु. २०/-

(घ) मोटरसाइकल रु. ५/-

(ङ) रात्रीकालिन पार्किङ-रु. ८०/-

**अनुसूची ७**

**ऐनको दफा ८ सँग सम्बन्धित विज्ञापन कर**

| क्र.स. | विवरण | आ.व.०७९/८० | आ.व.२०८०/८१ |
|---|---|---|---|
| १ | तुल ब्यानर प्रति बर्गफुट एक हप्ताको लागि | ३.५० | रु. ३.५०/- |
| २ | तुल ब्यानर प्रति बर्गफुट पन्ध्र दिनको लागि | ४.०० | रु. ४/- |
| ३ | तुल ब्यानर प्रति बर्गफुट तिस दिनको लागि | ४.५० | रु. ४.५०/- |
| ४ | डिजिटल प्रकृतिको बिज्ञापन | | |
| | अडियो भिडियो डिस्प्ले १४ इन्च सम्म | १५००० | रु. १५०००/- |
| | अडियो भिडियो डिस्प्ले १४ इन्च भन्दा माथि प्रति इन्च थप | १५० | रु. १५०।- |
| | डिजिटल डिस्प्ले मात्र प्रति बर्गफुट | १०० | रु. १००।- |
| | माथि उल्लेखित बाहेकका वोर्ड तथा पेन्टिङ एवं लेखन प्रति बर्गफुट | १५ | रु. १५।- |
| ५ | बिज्ञापन कर ठेक्कामा लगाउँदा प्रति वर्ष न्युनतम १,५०,०००।– का दरले ३ वर्षका लागि रु. ४,५०, ०००।– मा ठेक्का तोकी सम्झौता प्रक्रिया अगाढी बढाइनेछ। | | |

## अनुसूची ८
## (ऐनको दफा ९ सँग सम्बन्धित मनोरंजन कर)

क) सिनेमा हल प्रति टिकट प्रतिव्यक्ति रु. ५।- साँस्कृतिक प्रदर्शन हल, थिएटर, संगीत तथा मनोरंजन प्रदर्शन स्थलको प्रवेश शुल्कमा प्रति टिकट प्रतिव्यक्ति रु. ५ का दरले मनोरंजन कर लगाउने ।

ख) जादु ,सर्कस चटक आदिमा प्रतिदिन रु. ४००/- र मासिक १०,०००/- लगाउने

ग) कुनै संघ संस्थाबाट आयोजना हुने महोत्सब प्रदर्शनको प्रवेश शुल्कमा प्रति व्यक्ति टिकट ५ % का दरले सो प्रदर्शन स्थलको भित्र रमाइलो मेला सर्कश यस्तै प्रकृतिका अन्य कार्यक्रममा प्रवेश गरे वापत प्रति व्यक्ति प्रति टिकट मूल्यको ५% ( पाँच प्रतिशत) कर लगाउने ।

घ) गाउँ क्षेत्रभित्रका सार्वजनिक स्थलमा नाफामुलक वस्तु तथा सेवाको विज्ञापन सहित साँस्कृतिक तथा मनोरंजन कार्यक्रमको लागि प्रतिदिन रु. ३०००/-

### २. व्यावसायिक भिडियो कर

| क्र.स. | विवरण | आ.व ०७९/८० | आ.व.०८०/८१ |
|---|---|---|---|
| १ | गाउँ क्षेत्रभित्र संचालित व्यावसायिक केवुल व्यवसायमा वार्षिक | - | रु. ८०००/- |
| २ | इन्टरनेट सेवा प्रदायक संस्था | रु. १०००/- | रु. ८०००/- |
| ३ | डिस -होम | - | रु. १०००/- |

**अनुसूची ९**
**(ऐनको दफा १०सँग सम्बन्धित)**

गाउँपालिका क्षेत्रमा आफुले निर्माण रेखदेख र संचालन गरे/गराएको पसल, कवल, हाटबजारको भाडा प्रति वर्ग फिट स्थान हेरी रु.१००/- देखि रु.२००/- सम्म अन्य सार्वजनिक जग्गाको भाडा वापत प्रति वर्ग फिट रु.३०/- देखि ५०/- सम्म, भित्रि स्थलका प्रति ऐलानी जग्गा लिज वा भाडामा दिदाँ प्रति वर्ग किलोमिटर फिट रु. १०/-र गाउँपालिकाको पुर्व स्वीकृति लिएका सार्वजनिक बाटोको छेउको अस्थायी पसल थप्न दिए वापत प्रति वर्ग फिट रु.५/- देखि १०/- सम्म मासिक वहाल विटौली लिने लामो समयको लिज वा भाडामा दिदाँ वार्षिक अग्रिम भाडा बुझाएमा १०% सम्म छूट दिने ।

**अनुसूची १०**
**(ऐनको दफा ११ सँग सम्बन्धित)**

**१ पार्किङ स्थलमा सवारी पार्किङ गरे वापत लिइने पार्किङ शुल्क**

| **क्र.स.** | **विवरण** | **प्रतिदिन प्रति १ घण्टा/ २ घण्टा / ४ घण्टा भन्दा बढि** | |
|---|---|---|---|
| | | **आ.व.०७९/८०** | **०८०/८१** |
| १ | बस,ट्रक लगायत ठुला सवारी साधन | - | रु.५०/-रु.१००/रु.५०० |
| २ | कार/जिप/भ्यान | - | रु.२०/-रु.५०/-रु.३०० |
| ३ | मोटरसाइकल | - | रु.१०/-रु.२०/-रु.५०/- |

।

**२ निषेधित क्षेत्रमा पार्किङको लागि जरिवाना**

| **क्र.स.** | **विवरण** | **शुल्क** |
|---|---|---|
| १ | मोटरसाइकल | १००/- |
| २ | कर,भ्यान | २००/- |
| ३ | ठुला सवारी साधन | ५००/- |

**३. हेभी ट्रकहरुलाई सामान ढुवानीको बेलुका ६:०० बजेदेखि ८:०० बजेसम्म समय तोकिनेछ ।**

**अनुसूची ११**
**(ऐनको दफा १३ सँग सम्बन्धित)**

**गाउँ क्षेत्रभित्र लगाउने सेवा  शुल्क दस्तुरको दर**

**१. सेवा शुल्क**

| **सि.नं.** | **सेवाको किसिम** | **एकाई** | **आ.व.२०७९/८०** | **आ.व.२०८०/ ८१** |
|---|---|---|---|---|
| १ | पक्कि घरको सर्जमिन मुचुल्का वापत | | १०००/- | १०००/- |
| २ | अन्य सबै प्रयोजनको सर्जमिन मुचुल्का वापत(पशुसेवा बाहेक ) | | ५००/- | ५००/- |
| ३ | अचल सम्पति मुल्यांकन | मुल्यांकन अंकको | ०.०८ प्रतिशत | ०.०८प्रतिशत |
| ४ | निजि विद्यालयको दर्ता सिफारिस शुल्क | उ.मा.वि./मा.वि/ प्रा.वि | २०००/-/१५००/- १०००/- | २०००/- /१५००/- १०००/- |
| ५ | मिलापत्र शुल्क (प्रत्येक पक्षबाट ) | | ५००/- | ५००/- |
| ६ | घर नम्वरिङग प्लेट प्रति गोटा | | १००/- | १००/- |
| ७ | टो.वि.स.दर्ता र नवीकरण | | १०००/- | १०००/- |
| ८ | स्थलगत प्राविधिक सेवा शुल्क | | १०००/- | १०००/- |
| ९ | घर निर्माणमा लाग्ने पुर्वाधार मर्मत | पक्कि | २०००/- | २०००/- |
| | | कच्ची | ५००/- | ५००/- |
| १० | नागरिकता सर्जमिन मुचुल्का शुल्क | | २००/- | २००/- |
| ११ | कृषि / पशुपंक्षीजन्य व्यवसाय दर्ताको सर्जमिन | | २००/- | २००/- |
| १२ | व्याक-हो लोडर प्रयोग शुल्क योजनामा/योजना बाहेक इन्धन सहित प्रतिघन्टा | | ३०००/- | ३०००/- |
| १३ | इन्धन बाहेक प्रति घन्टा | | १५००/- | १५००/- |
| १४ | **जग्गा नापी तथा स्थलगत निरीक्षण शुल्क** | | **प्रति कित्ताकाट** | |
| | क) वडा नं. १ र २ | | ३००० | ३००० |
| | ख) वडा नं. ३ र ४ | | २००० | २००० |
| | ग) वडा नं. ५ | | २५०० | २५०० |

**२. विभिन्न प्रमाणित तथा सिफारिस दस्तुर**

| **सि.नं.** | **सेवाको किसिम** | आ.व.२०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|
| १ | घरबाटो साँध सिमाना प्रमाणित | ५००/- | ५००/- |
| २ | नागरिकता प्रमाणपत्रको सिफारिस (अनुसूची र फारम सहित ) | २०० | २०० |
| | नागरिकता प्रमाण पत्रको प्रतिलिपि | ५००/- | ५००/- |

| | | | |
|---|---|---|---|
| ३ | जग्गा नामसारी सिफारिस | ५००/- | ५००/- |
| ४ | नाम, थर संशोधन सिफारिस | ५००/- | ५००/- |
| ५ | घर निर्माण सम्पन्न प्रमाणपत्र (पक्कि) | १०००/- | १०००/- |
| | कुल क्षेत्रफल ३००० वर्गफिट सम्म | प्रतिवर्ग फिट १/- | प्रतिवर्ग फिट १/- |
| | सो भन्दा माथि | प्रतिवर्ग थप २/- | प्रतिवर्ग थप २/- |
| | व्यापारिक भवन निर्माण सम्पन्न प्रमाण पत्र दस्तुरमा | ५० प्रतिशत थप लाग्ने | ५० प्रतिशत थप लाग्ने |
| | संस्थागत हाउजिङ प्रयोजनको लागी भवन निर्माण सम्पन्न प्रमाण पत्र दस्तुरमा | थप शत प्रतिशत लाग्ने | थप शत प्रतिशत लाग्ने |
| | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची ) | २००/- | २००/- |
| | भूकम्प पिदिका १७ डिजाइन भित्रको सम्पन्न प्रमाण पत्र | | |
| ६ | अन्य प्रयोजनको लागि घर कायम सिफारिस दस्तुर | | |
| | १००० वर्ग फिटसम्म | ५००/- | ५००/- |
| | १००० देखि २००० वर्ग फिट सम्म | १०००/- | १०००/- |
| | २०००देखि ३००० सम्म | १५००/- | १५००/- |
| | सो भन्दा माथि | २५००/- | २५००/- |
| ७ | घर कायम(कच्ची घर ) | २००/- | २००/- |
| ८ | घर नक्सा नामसारी पक्कि (एकाघर) | ५००/- | ५००/- |
| ९ | घर नक्सा नामसारी पक्कि (एकाघर नभएमा ) | २५००/- | २५००/- |
| १० | कच्ची घर(ढुंगा माटोको जोडाइ )जस्ताको छाना )नक्सा नामसारी | २००/- | २००/- |
| ११ | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | १००/- | १००/- |
| १२ | अस्थायी टहरा निर्माणको इजाजत दस्तुर(व्यावसायिक ) | ५००/- | ५००/- |
| १३ | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | १०००/-(एक रोपनी भन्दा माथि प्र.रो. थप रु.१००/- | |
| १४ | विद्युत जडानको सिफारिस दस्तुर | २००/- | २००/- |

| | | | |
|---|---|---|---|
| १५ | निजिधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | १००/- | १००/- |
| १६ | वैदेशिक रोजगारको लागी सिफारिस | ५००/- | ५००/- |
| १७ | परिवार ल्याएको/लागेको सिफारिस | ३००/- | ३००/- |
| १८ | विवाह दर्ता सिफारिस (विदेशीसँग ) | २०००/- | २०००/- |
| १९ | नाता प्रमाणित दस्तुर | ५००/- | ५००/- |
| | नाता प्रमाणित अंग्रेजी दस्तुर | १०००/- | १०००/- |
| २० | वसोवास प्रमाणित (वैदेशिक प्रयोजन) | १०००/- | १०००/- |
| २१ | वसोबास प्रामाणित (स्वदेशी प्रयोजन) | २००/- | २००/- |
| २२ | नाफामुलक संस्था दर्ता नवीकरण सिफारिस | १०००/- | १०००/- |
| २३ | सेवामुलक संस्था दर्ता स्वदेशी प्रयोजन, सिफारिस | ५००/- | ५००/- |
| २४ | निजि बिद्यालय संचालनको सिफारिस | १०००/- | १०००/- |
| २५ | निजि बिद्यालय कक्षा थपको सिफारिस | १५००/- | १५००/- |
| २६ | मोही नामसारी सिफारिस | २००/- | २००/- |
| २७ | सम्बन्ध विच्छेदको सिफारिस | १०००/- | १०००/- |
| २८ | ठुला उद्योग स्थापनाको सिफारिस | ३०००/- | ३०००/- |
| २९ | मझौला उद्योग स्थापनाको सिफारिस | २०००/- | २०००/- |
| ३० | साना तथा घरेलु उद्योगको सिफारिस | ५००/- | ५००/- |
| ३१ | रुख काट्ने सिफारिस प्रति गोटा (स्वीकृत आवश्यक पर्नेमा ) | २००/- | ५००/- |
| ३२ | नेपाली पेन्सन पट्टा सम्बन्धि सिफारिस | ५००/- | ५००/- |
| ३३ | भारतीय पेन्सन पट्टा सिफारिस | १०००/- | १०००/- |
| ३४ | अन्य मुलुकको पेन्सन पट्टा सिफारिस | २०००/- | २०००/- |
| ३५ | अपुताली सिफारिस (नेपालको लागि ) | १०००/- | १०००/- |
| ३६ | अपुताली सिफारिस विदेशका लागी) | २०००/- | २०००/- |
| ३७ | व्यक्तिगत घटना दर्ता, प्रमाणित ,सेवा शुल्क ३५ दिनपछि जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद ,अविवाहित, बसाईसराई )प्रमाणित तथा सिफारिस (३५ दिन काटेपछि ) | • ३५दिनसम्म निशुल्क:<br>• ३६ दिनदेखि विलम्ब २००.रु:<br>• व्यक्तिगत घटना दर्ता प्रमाण ५००.पत्रको प्रतिलिपि शुल्क रु- (प्रत्येक पटक) | |
| ३८ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | २००/ | २००/- |
| ३९ | अंग्रेजीमा सिफारिस | १०००/- | १०००/- |
| ४० | चार किल्ला प्रमाणित सिफारिस | ५००/- | ५००/- |
| ४१ | कन्सुलर प्रमाणिकरण | १०००/- | १०००/- |
| ४२ | मालपोत/सम्पत्ति कर रसिदको प्रतिलिपि प्रमाणित | २००/- | २००/- |

| | | | |
|---|---|---|---|
| ४३ | **आयश्रोत प्रमाणित सिफारिस** | ५००/- | ५००/- |
| | क) १ लाख देखि ५ लाख सम्म | १०००/- | १०००/- |
| | ख) ५ लाख देखि १० लाख सम्म | २०००/- | २०००/- |
| | ग) १० लाख देखि २० लाख सम्म | ३०००/- | ३०००/- |
| | घ) २० लाख देखि ५० लाख स | ४०००/- | ४०००/- |
| | ङ) ५० लाख भन्दा माथि | ५०००/- | ५०००/- |
| ४४ | सामाजिक सुरक्षा भत्ताको पट्टा प्रतिलिपि | | १००/- |
| ४५ | आयोजना पुस्तिका | १०००/- | १०००/- |
| ४६ | उपभोक्ता समितिको दर्ता शुल्क | १०००/- | १०००/- |
| ४७ | खानेपानी तथा जलश्रोत समिति दर्ता | १०००/- | १०००/- |
| ४८ | उपभोक्ता समिति नवीकरण | ५००/- | ५००/- |
| ४९ | खानेपानी तथा जलश्रोत समिती नवीकरण | ५००/-. | ५००/- |
| ५० | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | १०००/- एक रो. भन्दा माथि प्रति रो. थप रु. १००/- | १०००/- एक रो. भन्दा माथि प्रति रो. थप रु. १००/- |
| ५१ | बिधुत जडानको सिफारिस दस्तुर (व्यक्तिगत) | ५००/- | ५००/- |
| ५२ | बिधुत जडानको सिफारिस दस्तुर (संस्थागत) | १०००/- | १०००/- |
| ५३ | बिधुत जडान सिफारिस दस्तुर (उद्योग) | २०००/- | २०००/- |
| ५४ | निजि धारा वा टेलिफोन जडान सिफारिस दस्तुर | ५००/- | ५००/- |
| ५५ | जीवित रहेको सिफारिस | २००/- | २००/- |
| ५६ | हकवाला वा हकदार प्रमाणित गर्न | २००/- | २००/- |
| ५७ | नामसारी गर्न सिफारिस | ५००/- | ५००/- |
| ५८ | जग्गाको हक सम्बन्धमा | ५००/- | ५००/- |
| ५९ | उद्योग ठाउँसारी सिफारिस | ५००/- | ५००/- |
| ६० | बिद्यालय ठाउँसारी गर्ने सिफारिस | ५००/- | ५००/- |
| ६१ | बहाल करको लेखाजोखा सिफारिस | ५००/- | ५००/- |
| ६२ | मोही लागत कट्टाको सिफारिस | १०००/- | १०००/- |

| | | | |
|---|---|---|---|
| ६३ | घरजग्गा करको लेखाजोखा सिफारिस | २००/- | २००/- |
| ६४ | ब्यबसाय बन्द भएको, संचालन नभएको वा ब्यबसाय हुँदै नभएको सिफारिस | १०००/- | १०००/- |
| ६५ | घर पाताल प्रमाणित | ५००/- | ५००/- |
| ६६ | व्यक्तिगत विवरण प्रमाणित | २००/- | २००/- |
| ६७ | पारिवारिक बिवरण सिफारिस | २००/- | ५००/- |
| ६८ | जग्गाधनी दर्ता प्रमाण पुर्जामा घर कायम गर्न सिफारिस | ५००/- | ५००/- |
| ६९ | कुनै ब्यक्तिको नाम थर जन्ममिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस | २००/- | २००/- |
| ७० | जग्गा धनी लालपुर्जा हराएको सिफारिस | ५००/- | ५००/- |
| ७१ | कित्ताकाट गर्ने सिफारिस | ५००/- | ५००/- |
| ७२ | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस | २००/- | २००/- |
| ७३ | ट्राभल डकुमेन्ट सिफारिस | २००/- | २००/- |
| ७४ | हकवाला संरक्षण सम्बन्धि सिफारिस | २००/- | २००/- |
| ७५ | पति/पत्नीको सम्बन्ध बिच्छेद निबेदन दर्ता दस्तुर | १००/- | १००/- |
| ७६ | **परिक्षा दस्तुर** | | |
| | सहायकस्तर | ७००/- | ७००/- |
| | अधिकृतस्तर | १०००/- | १०००/- |
| | प्रत्येक समाबेशीका लागि थप | १००/- | १००/- |
| ७७ | घरपालुवा कुकुर दर्ता र नबिकरण | ३००/- | ३००/- |
| ७८ | दलित, जनजाती प्रमाणित सिफारिस | १००/- | १००/- |
| ७९ | विवाहित सिफारिस | ५००/- | ५००/- |
| ८० | अविवाहित सिफारिस (नेपालि) | ५००/- | ५००/- |
| ८१ | अविवाहित सिफारिस (अंग्रेजी) | ७००/- | ७००/- |

| | | | |
|---|---|---|---|
| ८२ | Annual Income / Property Verification | २०००/- | २०००/- |
| ८३ | सामाजिक संघ संस्था दर्ता र नबिकरण | १०००/- | १०००/- |
| ८४ | बन दर्ता सबै किसिमको (राष्ट्रिय, कबुलियत, सामुदायिक, निजि) | ५००/- | ५००/- |
| ८५ | क्लब दर्ता | ५००/- | ५००/- |
| ८६ | गै.स.स. (गा.पा. बाहिर मुख्य कार्यालय भएका) | ५०००/- | ५०००/- |
| ८७ | नाम छुटको सिफारिस | ३००/- | ३००/- |
| ८८ | करचुक्ता प्रमाणपत्र | २००/- | २००/- |
| ८९ | Tax Clearance | १०००/- | १०००/- |

**३.घर नक्सा पास दस्तुर**

| क्र.स. | विवरण | आ.व.२०७९/८० | आ.व.२०८०/८१ |
|---|---|---|---|
| १ | नक्सा पास निवेदन फारम दस्तुर (नक्सा पास किताब ) | रु. ५००/- | रु.५०० |
| २ | पक्कि घर र पर्खाल समेत प्रति वर्गट फुट दस्तुर | रु. ५/- | रु. ५/- |
| ३ | पक्कि घरको लागि पर्खाल निर्माण प्रति वर्गफिट दस्तुर | रु. ३/- | रु. ३/- |
| ४ | कच्ची घरको प्रति वर्ग फिट दस्तुर | रु.२/- | रु. २/- |
| ५ | नयाँ घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क(पक्कि) | रु.१०००/- | रु१०००/- |
| ६ | गाउँपालिका हुनुभन्दा अगाडी निर्माण गरेको नक्सा पास गर्दा (मापदण्ड अनुरुप निर्माण भएको मात्र)प्रति वर्ग फिट | रु.२.५/- | रु.२.५/- |
| ७ | साविक घर परिवर्तन नहुने गरि मर्मत सम्भार गर्नु परेमा एकमुस्ट | रु.१०००/- | रु.१०००/- |
| ८ | नक्सा नामसारी तथा नवीकरण वापत | रु.१०००/ - | रु.१०००/- |
| ९ | घरको छतमा वा दायाबाया साइटमा अगाढी पछाडी अस्थायी संरचना निर्माण | रु.२/- | रु.२/- |
| १० | व्यापारिक भवन नक्सा पास दस्तुरमा | ५० प्रतिशत थप लाग्ने | ५० प्रतिशत थप लाग्ने |
| ११ | संस्थागत हाउजिङ प्रयोजनको लागि भवन नक्सा पास दस्तुरमा | सत प्रतिशत थप लाग्ने | सत प्रतिशत थप लाग्ने |
| १२ | नक्सा संसोधन गर्नु परेमा उपर्युक्तता अनुसारका दरमा थप दस्तुर लाग्ने | थप २५ प्रतिशत लाग्ने | थप २५ प्रतिशत लाग्ने |
| १३ | **प्लटिङ अनुमति** | | |
| | ५ रोपनी सम्म प्रति रोपनी | २०००/- | २०००/- |

| | | | |
|---|---|---|---|
| | ५ रोपनी देखि १५ रोपनी सम्म | ३०००/- | ३०००/- |
| | १५ रोपनी भन्दा माथि | ४०००/- | ४०००/- |

| उपचार सेवा अन्तर्गत | | |
|---|---|---|
| | **सेवाको प्रकृति** | **लाग्ने शुल्क** |
| क | गाई भैसी | १० |
| ख | गाई भैसी बंगुर खरायो | ५ |
| ग | कुकुर बिरालो | २५ |
| घ | हात्ती घोडा बाँदर जंगली जनावर | ५० |
| **उपचार सेवा** | | |
| | **सेवाको प्रकृति** | **लाग्ने शुल्क** |
| क | गोवर परिक्षण | १० |
| ख | गर्भ परिक्षण | १० |
| ग | शव परिक्षण गाई,भैसी ,भेडा वाख्रा बंगुर | २५ |
| घ | शव परिक्षण पंक्षी | १० |
| ङ | शव परिक्षण कुकुर | १०० |
| च | शव परिक्षण अन्य | २०० |
| **वन्ध्याकरण** | | |
| | **सेवाको प्रकृति** | **लाग्ने शुल्क** |
| क | बोका/राँगो /साँढे | १५ |
| ख | कृत्रिम गर्भाधान गाई भैसी वाख्रा | १०० |
| **सिफारिस** | | |
| | **सेवाको प्रकृति** | **लाग्ने शुल्क** |
| क | मृत्यु प्रमाणित (इन्स्युरेन्स ) | १०० |
| ख | मृत्यु प्रमाणित अन्य | १०० |
| ग | अन्य प्रमाणित तथा सिफारिस | १०० |
| घ | पशु बाहेक अन्य मुचुल्का | ५०० |

## अनुसूची १२

ऐतिहासिक ,पुरातात्विक स्थलहरुको र अन्य मनोरंजन स्थलहरुमा विदेशी तथा आन्तरिक पर्यटकहरुलाई लगाइने प्रवेश शुल्क कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## अनुसूची १३
## ऐनको दफा १४ सँग सम्बन्धित फोहोर मैला व्यवस्थापन शुल्क

**१. अस्पताल**

- सरकारी अस्पताल,निजि अस्पताल तथा मेडिकलबाट उत्पादन हुने फोहोर मैला व्यवस्थापन गर्न छुट्टै नीति बनाई कार्यान्वयन गरिने
- सामान्य फोहोर व्यवस्थापनको लागि अस्पताल/निजि अस्पताल मासिक रु. ५००/-

औषधि जन्य उपचारमा प्रयोग भए पश्चात विषर्जित हुने उपकरण /सामाग्रीहरुको निर्मलीकरण,सिरिन्जको सुई डीस्ट्रोय गरि मेडिकल जन्य संक्रमण हुने फोहोरहरु सम्बन्धित अस्पताल /क्लिनिक /मेडिकल नै व्यवस्थापन गर्नुपर्नेछ निर्मलीकरण नगरी फोहोरमा मिसाएमा कसुर गरेको ठहरिने छ। त्यस्तो कसुर गर्ने निजि क्षेत्रलाई गाउँपालिकाको पहिलो पटक रु. ५०००/- र दोस्रो पटक रु. २००००/- जरिवाना गर्ने छ सो भन्दा बढि कसुर गरेमा व्यवसाय बन्द गरिदिने छ। सरकारी भएमा त्यस्तो अस्पताल वा संस्थाको प्रमुखलाई विभागीय सजायका लागि सिफारिस गरि तलब भत्ता समेत रोक्का गर्न सक्ने छ ।

**२.घरायसी फोहोर संकलन वापत मासिक**

| क्र.सं . | विवरण | आ.व.२०७९/८० | आ.व.२०८०/८१ |
|---|---|---|---|
| १ | गाउँ क्षेत्रका फोहोर संकलन गरिने प्रति घर | - | रु. २००/- |
| २ | प्रति सटर /व्यवसायी | - | रु.२००/-र थप रु.५० |

**३. व्यवसायको प्रकृति अनुसार थप शुल्क मासिक**

| क्र.स. | विवरण | आ.व.२०७९/८० | आ.व.२०८०/८१ |
|---|---|---|---|
| १ | सवारी साधन मर्मत चार पांग्रे र सो भन्दा ग्यारेज | - | रु.५००/- |
| २ | मोटरसाइकल वर्कसप | - | रु.२००/- |
| ३ | कवाडी संकलन | - | रु.५००/- |
| ४ | बधशाला | - | रु.५००/- |
| ५ | राँगो तथा बंगुरको मासु विक्री पसल | - | रु.३००/- |
| ६ | खसी,बोका र कुखुराको मासु विक्री पसल | - | रु.२००/- |
| ७ | तरकारी संकलन तथा होलसेल विक्री केन्द्र | - | रु.२५०/- |

**४. सरकारी तथा अन्य नाफारहित संघ संस्थाको लागि मासिक**

| क्र.स. | विवरण | आ.व २०७९/८० | आ.व २०८०/८१ |
|---|---|---|---|
| १ | सरकारी कार्यालय,बैंक ,वित्तीय र अन्य संघ संस्था | - | रु.३००/- |

## अनुसूची १४
## ऐनको दफा १५ सँग सम्बन्धित अन्य व्यवसाय कर

**५. अन्य व्यवसाय कर**

| क्र.स. | विवरण | दर |
|---|---|---|
| १ | चाउमिन उद्योग | रु.१५००/- |
| २ | पुल हाउस /स्नोकर हाउस/फुटसल | रु.२०००/- |
| ३ | रोधी घर/दोह्रोरी घर | रु.५०००/- |
| ४ | ल्याङ्ग्वेज सेन्टर | रु.५००/- |
| ५ | कपास उद्योग | रु.१०००/- |
| ६ | डान्स इन्स्टिच्युट | रु.५००/- |
| ७ | फिटनेस सेन्टर | रु.१०००/- |
| ८ | मेटल वर्कसप | रु.२०००/- |
| ९ | सवारी वासिङ सेन्टर (फुटपाथमा बाटोमा सो कार्य गर्न नपाउने ) | रु.२०००/- |
| १० | नर्सरी | रु.५००/- |
| ११ | लन्ड्री | रु.५००/- |

# खण्ड – ०८
# खनियाबास गाउँपालिकाको दोस्रो गाउँसभाको तेस्रो अधिवेशनको निर्णयहरु

## खनियाबास गाउँपालिकाको दोस्रो गाउँसभाको तेस्रो अधिबेसनका निर्णयहरु :-

**सम्बत् २०८० साल असार १० गते आइतबार**

**निर्णय नं. १**

गाउँ सभाध्यक्ष श्री रण बहादुर तामाङ ज्यूले सभामा प्रस्तुत गर्नुभएको आगामी आ.व. २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम उपर बुँदागत रुपमा छलफल गरी सभा सदस्य ज्यूहरुले उठाउनुभएका प्रश्न एवं जिज्ञासाहरु समेट्दै प्रस्तुत नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

गाउँपालिका उपाध्यक्ष श्री सेक्केमान तामाङ ज्यूले सभामा प्रस्तुत गर्नुभएको आगामी आ.व. २०८०/०८१ को बिनियोजन बिधेयक र आर्थिक बिधेयक उपर छलफल प्रारम्भ गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

सभाध्यक्षको निर्देशन बमोजिम गाउँसभाको अर्को बैठक सम्बत् २०८० साल असार २७ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी सभाको बैठक स्थगन गर्ने निर्णय गरियो।

**सम्बत् २०८० साल असार २७ गते बुधबार**

**निर्णय नं. १**

गाउँपालिका उपाध्यक्ष श्री सेक्केमान तामाङ ज्यूले सभामा प्रस्तुत गर्नुभएको बिनियोजन बिधेयक,२०८० र आर्थिक बिधेयकको सातौं सम्सोधन,२०८० सर्वसम्मत पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

गाउँसभा अधिवेशन नबसेको समयमा गाउँसभाले गर्नुपर्ने अत्यावस्यक कार्यहरुका लागि गाउँ कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने र त्यसरी भए/गरेका कार्यहरु लगतै बस्ने गाउँसभाबाट अनुमोदन हुनुपर्ने निर्णय गरियो, साथै उल्लेख भए बमोजिमका कार्यहरु सभामा पेश हुँदा अनुमोदन हुन नसकेमा स्वतः बदर हुने निर्णय गरियो।

**निर्णय नं. ३**

आ.व.२०८०/८१ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अहोरात्र खटिएका तपसिलका कर्मचारीहरुलाई तहगत रुपमा एक महिनाको तलब बराबरको रकम प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराउने र गाउँपालिकामा कार्यरत दुई जना कार्यालय सहयोगिहरुलाई जनही १५/१५ हजारका दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

१. नि. प्रमुख प्रशासकीय अधिकृत श्री नबराज श्रेष्ठ (अधिकृत सातौं)

२. बिद्यालय निरिक्षक श्री धिरज बस्नेत (अधिकृत सातौं)

३. ईन्जिनियर श्री दिपेश बिष्ट (अधिकृत सातौं)

४. स्वास्थ्य संयोजक श्री आइत बहादुर तामाङ (अधिकृत छैठौं)

५. अधिकृत श्री दुर्गा बहादुर शाही (अधिकृत छैठौं)

६. सुचना प्रबिधि अधिकृत श्री राजेश रिजाल (अधिकृत छैठौं)

७. लेखापाल श्री निराजन तिवारी (सहायक पाँचौ)

८. ना.प्रा.स. श्री पुष्कल श्रेष्ठ (सहायक चौंथो)

९. का.स. श्री सञ्जु तामाङ र सोनाम तामाङ

**निर्णय नं. ४**

बिधेयक समितिबाट कार्यपालिकाको बैठकमा पेश हुँदा दफाबादर छलफल भई अनुमोदनका लागि सभामा पेश हुन आएका तपसिल बमोजिमका बिधेयकहरु र्सबसम्मत अनुमोदन गर्ने निर्णय गरियो।

**तपसिल**

- साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी बिधेयक,२०८०
- खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धमा व्यबस्था गर्न बनेको बिधेयक,२०८०

**निर्णय नं. ५**

बिनियोजन बिधेयकमा उल्लेख भए बमोजिम दायित्व सिर्जना भई भुक्तानी दिनुपर्ने बहुबर्षिय आयोजना तथा कार्यक्रमहरु, दायित्व सिर्जना भई कार्य सम्पन्न भएका तर बिबिध कारणबस भुक्तानी दिन बाँकी आयोजना तथा कार्यक्रमहरु र चालु आ.व. २०७९/८० ई.एफ.टि.रद्ध भई भुक्तानी हुन नसकेका तथा अन्य बिगत आ.व.मा जारी भई साटिन बाँकी चेकहरुको समेत आगामी आ.व. २०८०/८१ मा दायित्व सारी कार्य सम्पन्नताको आधारमा भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ६**

खनियाबास गाउँ कार्यपालिका र मातहतका कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीहरुको करार सेवा अबधि थप गर्ने सम्बन्धमा करार सम्झौतामा उल्लेख भए बमोजिम हुने गरि मिति २०८० असार ०७ गतेको कार्यपालिका निर्णयबाट सिफारिस भई पेश हुन आए बमोजिम अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

आ.व. २०८०/०८१ को लागि गाउँसभाबाट पारित भएको बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

राष्ट्रसेवक कर्मचारीलाई प्रदान गर्दै आएको तलब भत्ता तथा अन्य सेवा सुबिधालाई निरन्तरता दिदै, करार सेवाका कर्मचारी तथा शिक्षकहरुको हकमा बार्षिक नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिम हुने गरि स्थायी कर्मचारी सो सरह महंगी भत्ता उपलब्ध गराउने साथै अन्य सुबिधाको हकमा करार सम्झौतामा उल्लेख भए बमोजिम हुने निर्णय गरियो ।

**निर्णय नं. ९**

आ.व. २०८०/८१ को लागि ढुवानी तर्पm आवस्यकता अनुसार दररेट निंधारण गर्न गाउँ कार्यपालिकालाई अख्तियारी दिने र गाउँपालिकाको अन्य दररेट जिल्ला दररेट अनुसार नै कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

चालु आ.व. २०७९/८० मा गाउँपालिका अध्यक्ष एवं प्रमुख प्रशासकीय अधिकृत तथा गाउँ कार्यपालिकाबाट बिभिन्न मितिमा निर्णय गरि भुक्तानी दिएका, रकमान्तर गरि बजेट बिनियोजन गरेका र अन्य यथाबत राखि तपसिल बमोजिम खनियाबास ग्रामिण अस्पतालको O&M हेरफेर गरेको बिषय सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

**खनियाबास ग्रामिण अस्पतालको दरबन्दि बिबरण**

| सि.नं. | पद नाम | तह | सेवा समूह | दरबन्दि संख्या | जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | मे.अ | ८ | स्वास्थ्य / ज.हे.स | १ एक | १ एक | |
| २. | हे.अ/सि.अ.हे.व. (ईन्चार्ज) | ५/६/७ | स्वास्थ्य / हे.ई. | २ दुइ | २ दुइ | |
| ३. | स्टाफ नर्स | ५/६/७ | स्वास्थ्य / ज.न. | २ दुइ | २ दुइ | |
| ४. | फार्मेसी असिस्टेन्ट | ५/६/७ | हेल्थ फार्मेसी | १ एक | १ एक | |
| ५. | सि.अ.हे.व./ अ. हे. व. | ४/५/६ | स्वास्थ्य / हे.ई. | ३ दुइ | ३ दुइ | |
| ६. | सि.अ.न.मि / अ.न.मि | ४/५/६ | स्वास्थ्य/प.हे.न/क.न. | ३ तीन | ३ तीन | |
| ७. | ल्याब टेक्नीसियन | ५/६/७ | स्वास्थ्य / ल्या.टे. | १ एक | १ एक | |
| ८. | रेडियेग्राफर | ५/६/७ | स्वास्थ्य / रेडियोग्राफी | १ एक | १ एक | |
| ९. | कार्यालय सहायक | ४/५ | प्रशासन/सा.प्र. | १ एक | १ एक | |
| १०. | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन | ३ तीन | ३ तीन | |
| | | **जम्मा दरबन्दी संख्या** | | **१८ अठार** | **१८ अठार** | |